# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

## (बागमती प्रदेश)

# अर्ध-वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०७९/८०)




नेपाल राष्ट्र बैंक
आर्थिक अनुसन्धान विभाग
(२०७९ चैत)

# भूमिका

आर्थिक स्थायित्व, अर्थतन्त्रको दिगो विकासका लागि मूल्य तथा शोधनान्तर स्थिरता र वित्तीय क्षेत्र स्थायित्व कायम गर्नु नेपाल राष्ट्र बैंकका उद्देश्यहरु हुन्। यी उद्देश्य हासिल गर्न बैंकले मौद्रिक, वित्तीय र विदेशी विनिमय नीति तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। तथ्यमा आधारित नीति निर्माणका लागि बैंकले अर्थतन्त्रका विभिन्न विषयमा अध्ययन, अनुसन्धान गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ। बैंकले गर्ने अध्ययन अनुसन्धानको लागि कृषि, उद्योग र सेवा क्षेत्रका निकायहरुबाट आवश्यक तथ्याङ्क तथा विवरणहरु संकलन/प्रशोधन गर्ने गर्दछ।

वास्तविक क्षेत्रको आर्थिक अवस्था तथा समस्या पहिचान गरी आवश्यकता अनुरुप नीति तथा कार्यक्रम तर्जुमा गर्न बैंकले नियमित रुपमा आर्थिक गतिविधिको अध्ययन प्रतिवेदन तयार गर्ने गरेको छ। मुलुकमा संघीयताको कार्यान्वयनसँगै प्रशासनिक स्वरुपमा आएको परिवर्तनका कारण प्रादेशिक रुपमा आर्थिक गतिविधिको अध्ययन तथा आवश्यक सल्लाह प्रदान गर्नुपर्ने आवश्यकता महसुस भएकोले "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन-२०७०" परिमार्जन गरी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" बमोजिम प्रतिवेदन तयार गर्न थालिएको छ। उक्त मार्गदर्शनमा व्यवस्था भएअनुसार आर्थिक वर्ष २०७७/७८ देखि ७७ वटै जिल्लाहरूको आर्थिक तथा वित्तीय अवस्थालाई समेटी प्रादेशिक रुपमा प्रतिवेदन तयार गरी प्रकाशन गर्न शुरु गरिएको छ। उक्त मार्गदर्शनको व्यवस्था बमोजिम आर्थिक अनुसन्धान विभागले बागमती प्रदेशभित्रका १३ जिल्लाहरुलाई समेटी यो प्रादेशिक प्रतिवेदन तयार गरेको छ।

स्थलगत सर्वेक्षण तथा विभिन्न स्रोतहरुबाट प्राप्त कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आर्थिक वर्ष २०७९/८० को पुस मसान्तसम्मको अर्ध-वार्षिक तथ्याङ्क जिल्लागत रुपमा संकलन/प्रशोधन गरी यो प्रतिवेदन तयार पारिएको छ। जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ। सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञहरुबाट प्राप्त जानकारीहरु एवम् सर्वेक्षणको क्रममा देखिएको अवस्था लगायतलाई विश्लेषण गरी क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृश्य चित्रण गरिएको छ।

प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरूप्रति आभार प्रकट गर्दछु। प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने निर्देशक श्री लक्ष्मी प्रसाद प्रसाईलाई विशेष धन्यवाद ज्ञापन गर्दछु। यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक विकास महाशाखाका उप-निर्देशकहरू श्री सजना शिल्पकार, श्री प्रेम प्रसाद आचार्य र श्री जयनारायण प्रधान, सहायक निर्देशकहरु श्री प्रतिभा थापा, श्री निरज घिमिरे, श्री कुशल ढकाल र श्री शिखा पोखेल समेत धन्यवादका पात्र हुनुहुन्छ।

**डा. प्रकाश कुमार श्रेष्ठ**

**कार्यकारी निर्देशक**

# विषय-सूची


| | | |
|---|---|---|
| | | **पेज नं.** |
| **सारांश** | | |
| **परिच्छेद १ :** | **अध्ययन परिचय** | |
| | १.१ पृष्ठभूमी | १ |
| | १.२ अध्ययनको उद्देश्य | १ |
| | १.३ अध्ययन विधि | १ |
| | १.४ अध्ययनको सीमा | १ |
| | १.५ अध्ययनको ढाँचा | २ |
| **परिच्छेद २ :** | **प्रदेशको तुलनात्मक स्थिति** | |
| | २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ अन्तरप्रदेश तुलना | ३ |
| | २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ४ |
| **परिच्छेद ३ :** | **कृषि क्षेत्र** | |
| | ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ कृषि उत्पादन | ७ |
| | ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ९ |
| | ३.४ सिँचाई | १० |
| | ३.५ क्षेत्रगत कृषि कर्जा | १४ |
| | ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना | १५ |
| **परिच्छेद ४ :** | **उद्योग क्षेत्र** | |
| | ४.१ प्रमुख उद्योगको क्षमता उपयोग र उत्पादन | १७ |
| | ४.२ क्षेत्रगत औद्योगिक कर्जा | १७ |
| | ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | १८ |
| **परिच्छेद ५ :** | **सेवा क्षेत्र** | |
| | ५.१ पर्यटन | २० |
| | ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | २१ |
| | ५.३ वित्तीय सेवा | २१ |
| | ५.४ यातायात | २२ |
| | ५.५ सेवा क्षेत्र कर्जा | २२ |
| | ५.६ सहुलियतपूर्ण कर्जा | २३ |
| | ५.७ सहकारी | २४ |
| | ५.८ प्रदेशगत सरकारी वित्त | २६ |
| | ५.९ स्थानीय तहहरुको बजेट स्थिति | २७ |
| | ५.१० सेवा क्षेत्रका चुनौती र सम्भावना | २९ |
| **परिच्छेद ६ :** | **पूर्वाधार र रोजगारी** | |
| | ६.१ पूर्वाधार क्षेत्र | ३१ |
| | ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३३ |
| | ६.३ रोजगारी | ३४ |

**परिच्छेद ७ : आर्थिक परिदृष्य**

| | | |
|---|---|---|
| ७.१ | कृषि उत्पादन | ३६ |
| ७.२ | औद्योगिक उत्पादन | ३६ |
| ७.३ | सेवा क्षेत्र | ३६ |
| ७.४ | पूर्वाधार क्षेत्र | ३६ |

# सारांश

बागमती प्रदेशका १३ वटा जिल्लाहरुको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७९/८० को अर्ध-वार्षिक अध्ययन प्रतिवेदनको सार-संक्षेप निम्नानुसार प्रस्तुत गरिएको छ ।

## कृषि

१. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र १.६ प्रतिशतले घटेको छ भने सोको उत्पादन २.७ प्रतिशतले बढेको छ ।

२. प्रमुख खाद्यान्न बालीमध्ये समीक्षा अवधिमा धान उत्पादन १.४ प्रतिशतले घटेको छ भने कोदो उत्पादन ६.३ प्रतिशत र फापर उत्पादन ०.४ प्रतिशतले बढेको छ ।

३. समीक्षा अवधिमा तरकारी उत्पादन २.८ प्रतिशतले बढेको छ । पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन २.३ प्रतिशतले बढेको छ भने र मासु उत्पादन ६ प्रतिशत र अण्डाको उत्पादन ४३.५ प्रतिशतले घटेको छ ।

४. समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले कृषि, वन र माछापालन क्षेत्रमा रु.१ खर्ब २३ अर्ब ९२ करोड कर्जा लगानी गरेका छन् जुन यस प्रदेशमा प्रवाहित कर्जाको ४.६ प्रतिशत हुन आउँछ ।

## उद्योग

५. समीक्षा अवधिमा यस प्रदेशका अध्ययन नमूनामा समेटिएका उद्योगको क्षमता उपयोग औसतमा ४७ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्ता उद्योगको क्षमता उपयोग औसतमा ४५.६ प्रतिशत रहेको थियो ।

६. समीक्षा अवधिमा अध्ययनले समेटेका यस प्रदेशका उद्योगमध्ये प्रशोधित दूधको उत्पादन १८.६ प्रतिशत, हल्का पेय पदार्थको उत्पादन ७.३ प्रतिशत, चुरोटको उत्पादन ६.७ प्रतिशत, पश्मिना उत्पादन १०.५ प्रतिशत, गार्मेण्ट उत्पादन ८.१ प्रतिशत, Tablet उत्पादन ८३.५ प्रतिशत, Dry Syrup उत्पादन ४.९ प्रतिशत र विजुलीको उत्पादन ६.८ प्रतिशतले बढेको छ ।

७. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको ३३.७ प्रतिशत रहेको छ ।

## सेवा

८. समीक्षा अवधिमा अध्ययनमा समेटिएका होटलहरुको औसत अकुपेन्सी ३१.६ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा अध्ययनमा समेटिएका होटलहरुको औसत अकुपेन्सी ११.१ प्रतिशत रहेको थियो ।

९. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ५७.३ प्रतिशतले घटेको छ भने रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व समीक्षा अवधिमा रु. ५ अर्ब ६६ करोड पुगेको छ ।

१०. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप २०७८ पुस मसान्तको तुलनामा १०.० प्रतिशतले र कर्जा प्रवाह ३ प्रतिशतले वृद्धि भएको छ । कर्जा-निक्षेप अनुपात औसतमा ७२.२ प्रतिशत रहेको छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

मौद्रिक नीति तथा विदेशी विनिमय नीतिमार्फत् मूल्य स्थायित्व, वाह्य क्षेत्र स्थायित्व, समग्र वित्तीय क्षेत्र स्थायित्व तथा आर्थिक वृद्धिको लागि साधन सहजीकरण गर्नु नेपाल राष्ट्र बैंकको उद्देश्यहरु रहेका छन् । बैंकले देशको आर्थिक गतिविधि सम्बन्धी अध्ययन गरी सोही बमोजिम आर्थिक नीति निर्माण गर्दै आएको छ । नेपाल राष्ट्र बैंकले समग्र तथा प्रादेशिक आर्थिक, वित्तीय तथा बाह्य क्षेत्रहरुका तथ्याङ्क संकलन गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

आर्थिक वर्ष २०६७/६८ देखि "नेपाल राष्ट्र बैङ्कका उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने अध्ययन-अनुसन्धान कार्यसम्बन्धी मार्गदर्शन, २०६७" अनुरुप देशका ४१ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरेको थियो । आर्थिक वर्ष २०७०/७१ देखि देशका ४७ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालियो । आर्थिक वर्ष २०७३/७४ देखि १० जिल्ला थप गरी ५७ जिल्लाको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको थियो । देश संघीय संरचनामा गएपश्चात् आर्थिक गतिविधि अध्ययन प्रतिवेदनलाई संघीय संरचनाअनुरुप प्रकाशन गर्ने उद्देश्यले अर्थिक वर्ष २०७६/७७ देखि देशका ७ वटै प्रदेशका ७७ जिल्लालाई समावेश गरी एकीकृत र प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु ऋार्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संसोधन २०७९ समेत) का आधारमा तयार गर्ने गरिएको छ । सो अनुसार बागमती प्रदेशको आर्थिक गतिविधि अध्ययनमा दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, मकवानपुर र चितवन गरी कुल १३ वटा जिल्लाहरुका आर्थिक गतिविधिबारे विश्लेषण गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने र आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एंव तथ्याङ्कको दायरा विस्तार गर्ने रहेको छ । साथै, विभिन्न आर्थिक क्षेत्रहरुको स्थिति र यसमा भइरहेको परिवर्तनहरुलाई विश्लेषण गर्ने पनि यस अध्ययनको उद्देश्य रहेको छ ।

## १.३ अध्ययन विधि

अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने अधिकांश तथ्याङ्क तथा सूचना स्थलगत सर्वेक्षण गरी संकलन गरिएको छ । कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवं मातहतका निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ । औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमूना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण गरी संकलन गरिएको छ भने बैंकिङ्ग तथ्याङ्क बैंक तथा वित्तीय संस्थाबाट संकलन गरिएको छ ।

त्यसैगरी, पर्यटनसँग सम्बन्धित तथ्याङ्क होटल व्यवसायी संघ एवं नमूना छनौटमा परेका होटलहरुबाट, घरजग्गा नक्शापास तथ्याङ्क नगरपालिकाबाट, पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरुबाट संकलन गरिएको छ । स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था एवं अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, फ्याक्स, वेवसाइट, तथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ ।

## १.४ अध्ययनको सीमा

मुलुक संघीय संरचनामा गएपश्चात् कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य एवं सञ्चार लगायतका तथ्याङ्कलाई व्यवस्थित गर्ने कार्य जारी रहेकाले यस सम्वन्धी तथ्याङ्क पूर्ण रुपमा संकलन गर्न कठिन भएको स्थिति छ । कतिपय निजी

उद्योग तथा प्रतिष्ठानहरुले तथ्याङ्क उपलब्ध गराउन हिच्किचाउने, समयमा नै उपलब्ध नगराउने र अपूर्ण तथ्याङ्क दिने गरेकोले यथार्थ आर्थिक स्थितिको चित्रण गर्न कठिनाई हुने गरेको स्थिति छ ।

## १.५ अध्ययनको ढाँचा

अध्ययनलाई ७ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा प्रदेशको तुलानात्मक स्थिति, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीसँग सम्बन्धित तथ्याङ्क प्रस्तुत गरिएको छ । यसैगरी, परिच्छेद ७ मा आर्थिक परिदृश्य सम्बन्धी जानकारी प्रस्तुत गरिएको छ ।

# परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.४८ खर्ब ५१ अर्ब रहने अनुमान गरेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९ प्रतिशत, १४.३ प्रतिशत र ६१.८ प्रतिशत रहने अनुमान छ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ६.७ प्रतिशत रहने अनुमान छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.१७ खर्ब ९० अर्ब ६८ करोड पुग्ने अनुमान छ। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११.१ प्रतिशत, १२.२ प्रतिशत र ७६.७ प्रतिशत रहने अनुमान छ। विभागको प्रारम्भिक तथ्याङ्क अनुसार समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा बागमती प्रदेशको अंश क्रमशः १७.१ प्रतिशत, ३१.६ प्रतिशत र ४५.९ प्रतिशत रहने अनुमान छ।

## २.२ अन्तर प्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०७८/७९ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.९ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.१ प्रतिशत) रहेको छ। वृहत आर्थिक वर्गीकरण अनुसार कृषि क्षेत्रको उत्पादनमा कोशीको हिस्सा सबैभन्दा धेरै (२१.८ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.४ प्रतिशत) रहेको छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३१.६ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.२ प्रतिशत) रहेको छ। यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४५.९ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.८ प्रतिशत) रहेको छ।

**तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु**

**(आर्थिक वर्ष २०७८/७९)**

| आर्थिक परिसूचक/ प्रदेश | प्रदेश १ | मधेस प्रदेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ७६३.३ | ६४४.३ | १,७९०.७ | ४३१.८ | ६८४.९ | १९८.० | ३३८.७ | ४,८५१.६ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.७ | १३.३ | ३६.९ | ८.९ | १४.१ | ४.१ | ७.० | १००.० |
| आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) (प्रतिशत) | ५.४ | ४.८ | ६.७ | ६.२ | ५.४ | ५.५ | ४.९ | ५.८ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.८ | १९.० | १७.१ | ९.६ | १७.३ | ५.४ | ९.८ | १००.० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.६ | ११.२ | ३१.६ | ११.५ | १५.८ | ३.२ | ७.१ | १००.० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.५ | ११.५ | ४५.९ | ८.० | १२.५ | ३.८ | ५.९ | १००.० |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३३.१ | ३४.३ | ११.१ | २६.० | २९.४ | ३१.५ | ३३.५ | २३.९ |
| उद्योग क्षेत्र | १७.८ | १२.१ | १२.२ | १८.४ | १६.० | ११.१ | १४.६ | १४.३ |
| सेवा क्षेत्र | ४९.१ | ५३.६ | ७६.७ | ५५.६ | ५४.६ | ५७.४ | ५१.८ | ६१.८ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय।*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### २.३.१ प्रादेशिक क्षमता र सम्भावना

समीक्षा अवधिमा पहिचान भएका क्षमता र सम्भावना देहाय बमोजिम रहेका छन् ।

- राष्ट्रिय जनगणना २०७८ को अन्तिम नतिजा अनुसार कुल जनसंख्याको २०.९७ प्रतिशत मानिसहरु बागमती प्रदेशमा बसोबास गर्दछन् । जसमध्ये ७७.३ प्रतिशत नगरपालिका क्षेत्रमा बसोबास गर्दछन् । यसर्थ, यस प्रदेशमा कृषि, शिक्षा, स्वास्थ्य, व्यापार, पूर्वाधार लगायतका क्षेत्रमा जनसांख्यिक लाभको उच्च सम्भावना रहेको ।
- प्रादेशिक बजेटमा उल्लेखित 'रुवीभ्याली एकीकृत विकास कार्यक्रम' र 'गोसाइकुण्ड एकीकृत विकास परियोजना' को कामलाई समयमै सम्पन्न गरी प्रदेशमा पर्यटकीय आगमन र बसाईको अवधि बढाउन सकिने सम्भावना रहेको ।
- बागमती प्रदेश स्वास्थ्य, शिक्षा, यातायात तथा सेवा लगायतका आधारभूत पूर्वाधारमा अन्य प्रदेश भन्दा अगाडि रहेकोले सार्वजनिक सेवा प्रवाहमा प्रदेशलाई थप डिजिटलाइज गरी उक्त सेवाहरु प्रभावकारी र चुस्त दुरुस्त गर्न सकिने सम्भावना रहेको ।
- काठमाडौं उपत्यका, चितवन, काभ्रे, हेटौंडा लगायतका ठूला सहरहरुमा रेष्टुरेन्ट तथा फास्टफुड संस्कार बढ्दै गएकोले फलफुल, तरकारी, मासु, अण्डा तथा खाद्यान्न नजिकका जिल्लाहरुमा उत्पादन बढाउन सकेमा उक्त उपजहरुको सहज बजार विस्तारको सम्भावना रहेको ।
- काठमाडौं उपत्यका, चितवन जस्ता व्यस्त शहरमा सरसफाइ कामदारको अभाव हुने भएकोले Cleaning Service Center को विस्तार गर्न सके थप रोजगारी सृजना हुने सम्भावना रहेको ।
- उपत्यका लगायतका ठूला शहरहरुमा अत्याधिक वायु प्रदुषण बढ्दै गएको परिपेक्ष्यमा पुराना गाडीलाई रेट्रोफिटिङमा प्रोत्साहन तथा प्रतिस्थापन गर्न सके प्रदूषणमा कमी आउने तथा विद्युतीय गाडीको प्रयोगबाट उत्पादित विद्युत खपत वृद्धि गर्न सकिने सम्भावना रहेको ।
- उपत्यका लगायतका ठूला शहरहरुमा विद्युतीय सवारी साधनको उपयोग बढ्दै गएकोले विद्युतीय साधनको Service Station र Charging Station को स्थापना गरी व्यवसाय विस्तारको सम्भावना रहेको ।
- ठूला शहरहरुमा ट्राफिक व्यवस्थापन, फोहोर व्यवस्थापन, सडक मर्मत, आपतकालीन सहयोगका लागि स्थानीय, सरकारी निकाय तथा नागरिकसँग समन्वय गरी City App को विकास गर्न सके समयमा नै समस्याको रिपोर्ट गर्ने र समाधानको पहल गर्न सक्ने सम्भावना रहेको ।
- रसुवागढी केरुङ नाका पूर्णरुपमा सञ्चालन गर्ने निर्णय भएसँगै रसुवा नुवाकोटको स्थानिय उपजलाई निर्यात गर्न सकिने सम्भावना रहेको ।
- धादिङ्ग जिल्लाको रुबी भ्याली, चितवन जिल्लाको नारायणी नदी किनार, पहाडी तथा हिमाली क्षेत्रहरूका ग्रामीण भेग, विश्वका हिन्दुहरूको पवित्र स्थल देवघाट क्षेत्र, कालिञ्चोक, गोसाईकुण्ड लगायतका स्थानहरुमा पयर्टनको प्रचुर सम्भावना रहेको ।

## २.३.२ प्रादेशिक चुनौती

समीक्षा अवधिमा पहिचान भएका चुनौतीहरु देहाय बमोजिम रहेका छन् । बागमती प्रदेशको समग्र विकासका लागि यी चुनौतीहरु सम्बोधन हुनुपर्ने देखिन्छ ।

- जलवायु परिवर्तनले निम्त्याएको बाढी, आँधी, कटान, डुवान, सुख्खा, आगो, रोगको प्रकोप आदिको संख्या दिन-प्रतिदिन बढ्दै गइरहेको परिप्रेक्ष्यमा यस प्रदेशमा समेत यस्ता घटना बढ्न गएकोले कृषि, स्वास्थ्य, शिक्षामा समयानुकूल परिवर्तन गर्दै जानु ।
- मिति सकिएको खाद्य वस्तुलाई मिति थप गरी बिक्री वितरण गर्ने कार्यको नियन्त्रणको लागि अनुगमन बढाई बिक्री वितरणमा रोक लगाउनु ।
- महानगरको फुटपाथ फराकिलो र व्यवस्थित बनाउने कार्यलाई निरन्तरता दिँदै फुटपाथमा रहेका साना तथा खुद्रा व्यापारीहरुको उचित व्यवस्थापन गर्नु । सार्वजनिक जग्गा तथा नदी किनारामा भएको अतिक्रमणलाई रोक्न तथा भूमिहीन किसानको समस्या समाधान गर्दै सुकुमबासी समस्या समाधान गर्नु ।
- डेंगु, कोरोना, मौसमी भाइरल लगायत सरुवा रोगको विद्यमान र सम्भावित महामारीजन्य रोगलाई नियन्त्रणका लागि Special Alert System को विकास गर्ने तथा रोगजन्य कारणको नियन्त्रणका लागि चुस्त दुरुस्त संयन्त्रको विकास गर्नु ।
- वर्षायाममा उपत्यका तथा आसपासका शहरहरुमा वस्ती तथा सडक डुवानमा पर्ने तथा फोहोर तथा ढलको व्यवस्थापन गर्न कठिन हुने भएकोले यस्ता समस्याको दीर्घकालीन समाधान गर्नु ।
- शहरी क्षेत्रमा ट्राफिक व्यवस्थापन, ढल तथा फोहोर व्यवस्थापन, सडकको नियमित मर्मत सम्भार, अव्यवस्थित तार तथा होडिङ बोर्ड व्यवस्थापन तथा शहरको मौलिकता तथा सौन्दर्य कायम राख्नु ।
- जाडो र सुख्खा मौसममा उपत्यका र आसपासका क्षेत्रमा वायुको गुणस्तर खराब भई अत्यधिक वायु प्रदुषण हुने हुँदा यसलाई कम गर्न डढेलो नियन्त्रण, प्लाष्टिक सहितका फोहोर जलाउने कार्यको निरुत्साहन, निर्माण कार्यबाट निस्कने धुलाको नियन्त्रण, धुवाँ फाल्ने उद्योग बस्तीबाट टाढा राख्ने वातावरणको सृजना तथा सवारी साधनको प्रदुषण नियन्त्रण जस्ता कार्य गर्नु ।


# परिच्छेद ३: कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल १.५ प्रतिशतले घटेको छ। गत वर्षको यसै अवधिमा यस्तो क्षेत्रफल २.९ प्रतिशतले बढेको थियो।

**खाद्य तथा अन्यबाली :** आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल १.६ प्रतिशतले घटेको छ भने गत वर्ष यस्तो क्षेत्रफल २.५ प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा कोदो बालीले ढाकेको क्षेत्रफल ४.६ प्रतिशत र आलु बालीले ढाकेको क्षेत्रफल ३.७ प्रतिशतले बढेको छ भने धान बालीले ढाकेको क्षेत्रफल ३.३ प्रतिशत, मकै बालीको ४.० प्रतिशत र फापर बालीको ८.२ प्रतिशतले घटेको छ।




*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय।*

**तरकारी :** समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल ४.९ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल १.१ प्रतिशतले बढेको थियो।

**फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल क्रमश: १.४ प्रतिशत र ०.४ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा यस्ता बालीहरुले ढाकेको क्षेत्रफल क्रमश: १.७ प्रतिशत र ०.२ प्रतिशतले बढेको थियो।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू–क्षेत्र**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला |
| दोलखा | २३०६२ | १९२३ | ६५६ | ८२२ | ४.२ | ४.० | ४.० | १२.८ |
| सिन्धुपाल्चोक | ६४४९० | ३७५० | ३५६ | ८९९ | ११.६ | ७.८ | २.२ | १४.० |
| रसुवा | ९५८८ | १५१५ | ४५५ | २६० | १.७ | ३.१ | २.८ | ४.० |
| धादिङ्ग | ४८४४२ | ७०६१ | २१८५ | ० | ८.७ | १४.७ | १३.३ | ०.० |
| नुवाकोट | ५०७७५ | ५१५३ | १२०६ | ४७० | ९.१ | १०.७ | ७.४ | ७.३ |


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| काठमाडौं | १८३८७ | २१४७ | ३३४ | २१ | ३.३ | ४.५ | २.० | ०.३ |
| भक्तपुर | ११०९२ | ३२६९ | ३६ | २३० | २.० | ६.८ | ०.२ | ३.६ |
| ललितपुर | २०६७७ | ३१४६ | १८७ | ३.७ | ३.७ | ६.५ | १.१ | ०.१ |
| काभ्रेपलाञ्चोक | ६१५७० | १०४९५ | २७५ | ७७ | ११.१ | २१.८ | १.७ | १.२ |
| रामेछाप | ४४२११ | १३०८ | २२८५ | ४२७ | ८.० | २.७ | १३.९ | ६.७ |
| सिन्धुली | ७३४४७ | ३२९० | ४८८३ | १२१० | १३.२ | ६.८ | २९.८ | १८.८ |
| मकवानपुर | ४७४०७ | २१४० | ७३६ | ५८७ | ८.५ | ४.४ | ४.५ | ९.१ |
| चितवन | ८२२५५ | २९३० | २७९९ | १४१० | १४.८ | ६.१ | १७.१ | २२.० |
| **जम्मा** | **५५५४०२** | **४८१२७** | **१६३९३** | **६४२०.७** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय ।*

खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१४.८ प्रतिशत) र रसुवा जिल्लाको सबैभन्दा कम (१.७ प्रतिशत) रहेको छ । तरकारी बालीले ढाकेको क्षेत्रफलमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी (२१.८ प्रतिशत) र रामेछाप जिल्लाको हिस्सा सबैभन्दा कम (२.७ प्रतिशत) रहेको छ । यसैगरी, फलफूल बालीले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (२९.८ प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (०.२ प्रतिशत) रहेको छ । मसला बालीले ढाकेको क्षेत्रफलमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (२२ प्रतिशत) र धादिङ्ग जिल्लाको हिस्सा नगन्य रहेको छ (तालिका ३.१) ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन २.३ प्रतिशतले बढेको छ र खाद्य तथा अन्य बालीको उत्पादन २.७ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा समग्र कृषि बालीको उत्पादन ०.१ प्रतिशतले घटेको थियो र खाद्य तथा अन्य बालीको उत्पादन ०.८ प्रतिशतले घटेको थियो ।




*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय ।*

**खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा कोदो उत्पादन ६.३ प्रतिशत, फापर उत्पादन ०.४ प्रतिशत, आलु उत्पादन ९.६ प्रतिशत, भटमास उत्पादन ०.६ प्रतिशतले बढेको छ भने धान उत्पादन १.४ प्रतिशत, मकै उत्पादन ०.३ प्रतिशत, गँहु उत्पादन ०.१ प्रतिशत, जौ उत्पादन १३.६ प्रतिशत, दलहन उत्पादन ०.६ प्रतिशत र तेलहन उत्पादन ०.३ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा मकै उत्पादन १.२ प्रतिशत, गँहु उत्पादन ६.९ प्रतिशत, जौ उत्पादन ४.१ प्रतिशत, फापर उत्पादन १५ प्रतिशत र तेलहन उत्पादन ०.७ प्रतिशतले बढेको थियो भने धान उत्पादन ०.४ प्रतिशत, आलु उत्पादन ५ प्रतिशत र दलहन उत्पादन ६.१ प्रतिशतले घटेको थियो।

**तरकारी :** समीक्षा अवधिमा तरकारीको उत्पादन २.८ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा तरकारी उत्पादन १.९ प्रतिशतले बढेको थियो।

**फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूलको उत्पादन ८.७ प्रतिशतले घटेको छ। सुन्तला उत्पादन ६.१ प्रतिशत तथा अन्य फलफूल उत्पादन २०.७ प्रतिशतले घटेको छ भने आँप उत्पादन २.३ प्रतिशतले र केरा उत्पादन ३.१ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा फलफूलको उत्पादन २.५ प्रतिशतले बढेको थियो। उक्त अवधिमा केरा उत्पादन ०.५ प्रतिशत, स्याउ उत्पादन २.५ प्रतिशत, सुन्तला उत्पादन १.८ प्रतिशत, आँप उत्पादन १.३ प्रतिशत तथा अन्य फलफूल ४.५ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा मसला उत्पादन ४.६ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा मसला उत्पादन १.३ प्रतिशतले बढेको थियो।

**तालिका ३.२: कृषि बालीको उत्पादन**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला |
| दोलखा | ९६९२० | २६१५३ | ३२४२ | १२६१ | ४.४ | ३.७ | ३.१ | २.९ |
| सिन्धुपाल्चोक | २०५९०९ | ४५०८० | २७९५ | ८५३९ | ९.३ | ६.४ | २.७ | १९.७ |
| रसुवा | ५५१९६ | ११७५५ | ३२८० | ३४०८ | २.५ | १.७ | ३.१ | ७.९ |
| धादिङ्ग | १६७७०६ | ८८७०० | १७८५२ | ३३८८ | ७.६ | १२.५ | १७.० | ७.८ |
| नुवाकोट | २१८७५४ | ५६६२३ | ८८७५ | ० | ९.९ | ८.० | ८.५ | ० |
| काठमाडौं | ११४८१२ | ६५५२७ | ३३४ | २१ | ५.२ | ९.२ | ०.३ | ० |
| भक्तपुर | ६५५३३ | ६८४५३ | ३७४ | २३५३ | ३.० | ९.७ | ०.४ | ५.४ |
| ललितपुर | ८७७८७ | ७०५६५ | २०२५ | १४९३ | ४.० | १०.० | १.९ | ३.४ |
| काभ्रेपलाञ्चोक | ३५७४७४ | १७९४६४ | १८५५ | ७४५ | १६.१ | २५.३ | १.८ | १.७ |
| रामेछाप | १४९०१२ | | १६१६० | २७९९ | ६.७ | ० | १५.४ | ६.५ |
| सिन्धुली | १९९२४३ | १६८६५ | १९९६६ | १४५५४ | ९.० | २.४ | १९.१ | ३३.६ |
| मकवानपुर | २२३१२७ | ३८३८४ | १६२५ | ३३१४.५ | १०.० | ५.४ | १.६ | ७.७ |
| चितवन | २७९११७ | ४०९०० | २६४२० | १४५० | १२.६ | ५.८ | २५.२ | ३.३ |
| **जम्मा** | २२२०५९० | ७०८४६९ | १०४८०३ | ४३३२५.५ | १०० | १०० | १०० | १०० |

*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय।*

खाद्य तथा अन्य बालीको उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी (१६.१ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (२.५ प्रतिशत) रहेको छ। तरकारी तथा बागवानी उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी (२५.३ प्रतिशत) र रामेछाप जिल्लाको हिस्सा सबैभन्दा नगन्य रहेको छ। यसैगरी, फलफूल बालीको उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (२५.२ प्रतिशत) रहेको छ भने काठमाडौं जिल्लाको हिस्सा सबैभन्दा कम (०.३ प्रतिशत) रहेको छ। मसला बालीको उत्पादनमा सिन्धुली जिल्लाको हिस्सा

सबैभन्दा बढी (३३.६ प्रतिशत) रहेको छ भने नुवाकोट र काठमाडौं जिल्लाको हिस्सा नगन्य रहेको छ (तालिका ३.२)।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुपन्छी उत्पादन :** समीक्षा अवधिमा दूध उत्पादन २.३ प्रतिशत र छाला उत्पादन ३३.२ प्रतिशतले बढेको छ भने मासु उत्पादन ६ प्रतिशतले र अण्डा उत्पादन ४३.५ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा दूध उत्पादन ६.८ प्रतिशत, मासु उत्पादन २.८ प्रतिशत, अण्डा उत्पादन २४.५ प्रतिशतले घटेको थियो भने माछा उत्पादन ०.८ प्रतिशत र ऊन उत्पादन ०.५ प्रतिशतले बढेको थियो।

**माछा उत्पादन :** समीक्षा अवधिमा माछा उत्पादन ४.८ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा माछा उत्पादन ०.८ प्रतिशतले बढेको थियो।

**वनजन्य उत्पादन :** समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ दाउरा उत्पादन ३११.८ प्रतिशत र औषधीजन्य उत्पादन ७१.८ प्रतिशतले बढेको छ भने काठ उत्पादन २७.९ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा काठ उत्पादन ७४.४ प्रतिशत, दाउरा उत्पादन ७५.१ प्रतिशत र औषधीजन्य वस्तु उत्पादन २७७ प्रतिशतले वृद्धि भएको थियो।

**तालिका ३.३: प्रमुख पशुपन्छीजन्य उत्पादन**

| जिल्ला | उत्पादन | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछापालन (मे.टन) | दूध | मासु | अण्डा | माछापालन |
| दोलखा | १२९०० | २५६१ | ४२७७ | ८ | ३.१ | ४.२ | १.७ | ०.३ |
| सिन्धुपाल्चोक | १३१९० | २६९६ | २६१२ | १५ | ३.१ | ४.५ | १.१ | ०.५ |
| रसुवा | ५२१३ | ८०५ | १३० | ६ | १.२ | १.३ | ०.१ | ०.२ |
| धादिङ्ग | २०५३६ | ६४६६ | २१९५० | ३२ | ४.९ | १०.७ | ८.९ | १.१ |
| नुवाकोट | १३६४१ | ८८८३ | २५१२ | ४४ | ३.२ | १४.७ | १.० | १.५ |
| काठमाडौं | २९३९१ | ६२१ | २१६२२ | २१ | ७.० | १.० | ८.८ | ०.७ |
| भक्तपुर | ८२६८ | ६४४ | ३८६३ | ३१ | २.० | १.१ | १.६ | १.१ |
| ललितपुर | ३०९३६ | ८४२ | ३६४५२ | २४ | ७.४ | १.४ | १४.८ | ०.९ |
| काभ्रेपलाञ्चोक | १४३४४३ | १२४५२ | २९३३७ | ४४ | ३४.१ | २०.६ | ११.९ | १.५ |
| रामेछाप | १८४१३ | ३७८२ | २८१२ | १३ | ४.४ | ६.३ | १.१ | ०.५ |
| सिन्धुली | २०४९५ | ५४८२ | ११९५ | २६ | ४.९ | ९.१ | ०.५ | ०.९ |
| मकवानपुर | ५२५०० | १२५४७ | ३५००१ | ३०५ | १२.५ | २०.७ | १४.२ | १०.७ |
| चितवन | ५१२४५ | २७१६ | ८४२९३ | २२९१ | १२.२ | ४.५ | ३४.३ | ८०.१ |
| **जम्मा** | **४२०१७०.९३** | **६०४९६** | **२४६०५५** | **२८६०** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |


*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु।*

काभ्रेपलाञ्चोक जिल्लामा सबैभन्दा बढी (३४.१ प्रतिशत) दूध उत्पादन भएको छ भने रसुवा जिल्लामा सबैभन्दा कम (१.२ प्रतिशत) दूध उत्पादन भएको छ। मासु उत्पादनमा मकवानपुर जिल्लाको हिस्सा सबैभन्दा बढी (२०.७ प्रतिशत) र काठमाडौं जिल्लाको हिस्सा सबैभन्दा कम (१ प्रतिशत) रहेको छ। अण्डा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (३४.३ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ। यसैगरी, माछा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (८०.१ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.२ प्रतिशत) रहेको छ (तालिका ३.३)।

## ३.४ सिँचाई

समीक्षा अवधिमा यस प्रदेशको कुल खेती गरिएको ४ लाख १२ हजार ३ सय ८५ हेक्टर क्षेत्रफलमध्ये १ लाख २५ हजार ८ सय ७३ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ । यस प्रदेशमा कुल खेती गरिएको क्षेत्रफलमा २२.२ प्रतिशत क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ ।

**चार्ट ३ : सिंचाई क्षेत्रमा भएको विस्तार (हेक्टरमा)**




*स्रोतः जिल्लास्थित जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय ।*

समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल ६.३ प्रतिशत बढेको छ । गत वर्षको सोही अवधिमा सिञ्चित क्षेत्रफल ५.५ प्रतिशतले बढेको थियो । कुलोद्वारा सिञ्चित क्षेत्रफल ५.२ प्रतिशतले र थोपाद्वारा सिञ्चित क्षेत्रफल ३.५ प्रतिशतले वृद्धि भएको छ । नहरद्वारा सिञ्चित क्षेत्रफल २५.४ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा कुलोद्वारा सिञ्चित क्षेत्रफल ४.१ प्रतिशत र पोखरीद्वारा सिँचित क्षेत्रफल १.७ प्रतिशतले बढेको थियो ।

## बक्स-१ः सहुलियतपूर्ण कर्जाको उपयोग

आर्थिक बर्ष २०७९/८० को अर्ध-बार्षिक आर्थिक गतिबिधि अध्ययनका लागि बागमती प्रदेशका बिभिन्न जिल्लाहरुमा गरिएको आर्थिक गतिविधिहरुको अवलोकन गर्ने क्रममा भक्तपुर जिल्लामा सञ्चालनमा रहेको श्री एभरग्रिन कृषि फर्म, भक्तपुर ७ कमलबिनायक, पाईपलाइनमा रहेको पुष्प खेतीको स्थलगत अवलोकन गरियो । भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ८ निवासी रमेश कुश्मा पुर्ख्यौली गोलभेडा खेतीबाट यस व्यवसायमा आवद्ध हुनु भएको हो । वि.सं. २०७२/७३ सालबाट रु. १४ लाख पूँजीबाट शुरुवात गरिएको यस पुष्प खेती व्यवसाय हाल करिब ७ रोपनी क्षेत्रफलमा फैलिएको छ ।



राष्ट्रिय बाणिज्य बैकबाट रु.२० लाखको सहुलियतपूर्ण कर्जा उपभोग गरेको यस व्यवसायमा हाल करिब रु. १ करोडसम्मको लगानी भएको देखिन्छ । आवश्यकतानुसार सिजनको समयमा ८ देखि १० जना कामदारहरुलाई रोजगार समेत उपलब्ध गराएको पाइयो । शुरुवाती चरणमा पुष्प खेती सम्बन्धी आधारभूत ज्ञान, आबश्यक प्रविधि एवं सम्भाव्य ग्राहक सम्बन्धी पर्याप्त ज्ञानको अभावमा धेरै संघर्ष गर्नु परेता पनि विस्तारै यस सम्बन्धी अध्ययन र ग्राहक संजाल फेला परेपछि हाल बार्षिक २५ देखि ३५ लाखसम्मको बार्षिक कारोबार हुने गरेको रहेछ । शुरुवातमा २ वटा टनेलबाट जम्मा ४००० फूलका बिरुवा लगाएको यस फर्ममा हाल ८ वटा टनेल सञ्चालनमा छन् । मुख्य ग्राहक विशेषतः फूलको थोक विक्रेताहरु पर्दछन् ।

पुष्प खेतीको लागि आवश्यक मलखाद तुलनात्मक रुपमा महँगो हुने भएकोले यसमा लागत बढी लाग्ने गरेको देखिन्छ । यसले गर्दा पुष्प खेतीको जोखिम अलि बढी रहेको छ । साथै, भारतीय पुष्प व्यवसायीहरुले सस्तो मूल्यमा पुष्प उपलब्ध गराउने भएकाले स्थानीय व्यवसायीहरुलाई भारतीय व्यवसायीहरुसंग प्रतिस्पर्धा गर्न चुनौती रहेको छ । गर्मी मौसममा फूलको आयात खासै प्रभावकारी नहुने भएतापनि जाडो याममा कुहिने बिग्रिने सम्भावना कम भएकोले जाडो याममा भारतबाट आयातित फूलहरु धेरै नै चुनौतीको रुपमा पेश हुने गरेको पाइएको छ । नेपाली व्यवसायीहरुले तरकारी, फलफूलका साथै पुष्पपनि भारतबाट आयात गर्ने गरेकोले नेपाली पुष्प व्यवसायीको लागि चुनौती रहेको छ । यसलाई निरुत्साहित गर्न पुष्प व्यवसायी संघ नेपाल (Florist Association Nepal) ले बिभिन्न अभियान चलाइरहेको पनि छ । Florist Association Nepal को एकल प्रयासले आयातलाई निरुत्साहित गर्न केहि हदसम्म सकारात्मक प्रभाव देखिन्छ । तसर्थ, नेपालमा उत्पादित पुष्पहरुले बजारमा माग गुमाइरहेको र यसलाई सकारात्मक रुप दिन सरकारले आवश्यक नीति निर्माण एवं अनुदानको व्यवस्था गरेमा पुष्प खेती व्यवसाय अझै राम्रो हुने र नेपाल सरकारको पहलमा लागु भएको सहुलियतपूर्ण कर्जाको अझ प्रभावकारी उपयोग हुने देखिन्छ ।

*स्रोतः स्थलगत सर्वेक्षण ।*

## बक्स-२ :बागमती प्रदेशमा सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक र आत्मनिर्भर कृषि क्षेत्रको विकासको सोच सहित वि.सं. २०७३ साउन देखि १० वर्षको लागि यो कार्यक्रम सञ्चालन गरिएको हो । यस परियोजनाले वागमती प्रदेशका निम्न जिल्लाहरुमा कार्यक्रमहरु सञ्चालन गरेको छ ।

**बागमती प्रदेशका जिल्लागत कृषि आधुनिकीकरण परियोजना**

<table>
<tr><th rowspan="12">सुपरजोन</th><th>बाली</th><th>जिल्ला</th><th rowspan="12">जोन</th><th>बाली</th><th>जिल्ला</th></tr>
<tr><td rowspan="4">आलु</td><td rowspan="4">काभ्रे</td><td>धान</td><td>चितवन, नुवाकोट, मकवानपुर</td></tr>
<tr><td>मकै</td><td>सिन्धुपाल्चोक, धादिङ</td></tr>
<tr><td>तरकारी</td><td>नुवाकोट, धादिङ, चितवन, मकवानपुर, ललितपुर, भक्तपुर, काठमाडौं</td></tr>
<tr><td>आलु</td><td>रामेछाप, रसुवा, नुवाकोट, भक्तपुर, काठमाडौं, दोलखा</td></tr>
<tr><td rowspan="7">सुन्तलाजात</td><td rowspan="7">सिन्धुली</td><td>सुन्तलाजात</td><td>रामेछाप</td></tr>
<tr><td>केरा</td><td>चितवन</td></tr>
<tr><td>किवी</td><td>दोलखा</td></tr>
<tr><td>गाई/भैसी</td><td>सिन्धुपाल्चोक, काभ्रे, ललितपुर</td></tr>
<tr><td>बाखा/भेडा/च्याङ्ग्रा</td><td>रामेछाप, रसुवा</td></tr>
<tr><td>मौरी</td><td>चितवन</td></tr>
</table>

*स्रोत: प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ।*

## बक्स-३ :सिन्धुपाल्चोकको चौतारामा भैंसी पालनको सम्भावना र चुनौती

सिन्धुपाल्चोक जिल्ला पहाडी र हिमाली भूभागमा अवस्थित राजधानी काठमाडौंवाट ८६ कि.मि. पूर्वोत्तरमा रहेको छ । यस जिल्लामा पशुपालन र तरकारी खेतीको लागि मौसम अनुकूल रहेको र बनजंगल तथा हरियाली भएकोले पशुपालनका लागि घाँसपात पर्याप्त मात्रामा रहेको छ। सिन्धुपाल्चोक जिल्लाको कूल क्षेत्रफल २५४२ बर्ग कि.मि. रहेको छ जुन नेपालको कूल क्षेत्रफलको १.७३ प्रतिशत भूभाग हो । बागमती प्रदेशको सबैभन्दा ठुलो यस जिल्लाको सदरमुकाम सामुद्रिक सतहवाट १४१८ मिटरको उचाईमा अवस्थित चौतारा बजार हो । यस जिल्लाका अधिकाँस मानिसहरु कृषि र पशुपालन पेशामा आवद्व रहेको पाइन्छ ।

यस जिल्ला अन्तर्गत १२ वटा स्थानीय तह मध्ये ३ वटा नगरपालिका र ९ वटा गाँउपालिकाहरु रहेका छन् । तीन नगरपालिकामा जिल्ला सदरमुकाम रहेको चौतारा साँगाचोकगढी नगरपालिकाले नगरका किसानहरुलाई आकर्षित गर्न व्यावसायिक कृषि तथा पशुपालनमा जोड दिएको देखिन्छ ।



कम्पनी रजिष्ट्रार कार्यालय, काठमाडौं र साँगाचोकगढी नगरपालिकामा समेत दर्ता गरी संचालनमा रहेको **राजेश भैंसी पालन फर्म** उक्त नगरपालिकाको वडा नं.-७ मा अवस्थित रहेको छ । यस फर्मका संचालकद्वय श्री कृष्ण प्रसाद दंगाल र श्री राजेश दंगाल दुई दाजुभाई मिली आफ्नो निजी २५ रोपनी जग्गामा रू.३५ लाख (रू.२० लाख गोठ बनाउन र रू.१५ लाख भैंसी किन्न) लगानी गरी २०७५ सालवाट शुरुमा १० वटा भैंसीवाट फर्म संचालन गरेको देखिन्छ ।

यस राजेश भैंसी पालन फर्मले नगरपालिकाको तर्फवाट रू. १ लाख र बागमती प्रदेश सरकारवाट रू. ३ लाख गरी जम्मा रू.४ लाख शुरु पुँजी अनुदान लिएर भैंसी पालन व्यवसायी आरम्भ गरेको देखिन्छ। हाल स्थलगत अवलोकनका क्रममा व्यवसायी विस्तार गर्दै २०७९ चैतसम्म जम्मा १८ वटा भैंसी (पाडा-पाडी समेत) रहेको छ । यस फर्ममा रहेको प्रत्येक भैंसीको रू.१२००।- का दरले वार्षीक  बिमा गरिएकोमा प्रति भैंसी रू.४५०।- बिमा रकम नगरपालिकाको तर्फवाट अनुदान दिने गरेको पाईयो । यस फर्ममा आफूलगायत अन्य तीन जना स्थानिय युवाहरुलाई रोजगारी दिएको साथै उनीहरुका सन्ततीलाई फर्मका तर्फवाट अध्ययन खर्च समेत उपलब्ध गराउने गरेको पाईयो ।
यस फर्मलाई आवश्यक प्राविधिक सहयोग पशु सेवा विज्ञ केन्द, चौतारावाट उपलब्ध हुनेगरेको जानकारी संचालकवाट पाईयो । फर्म संचालनका लागि कृषि विकास बैंक लि.वाट रू. १५ लाख कर्जा (Term Loan) लिएको छ भने चौतारा बजारमा डेरी संचालनका लागि समेत रू. १८ लाख अधिविकर्ष (OD) लोन लिएको जानकारी पाईयो ।

यस फर्मले शुरुमा औसत दैनिक ८० लिटर दुध उत्पादन गर्ने गरेकोमा हाल आएर पाडा-पाडीको संख्य वृद्धि भएकोले औसत दैनिक ५० लिटर दुध उत्पादन हुने गरेको पाइयो। आफ्नो फर्मवाट उत्पादित दुधका अतिरिक्त गाँऊका किसानहरुवाट औसत दैनिक ४०० लिटर दुध खरिद संकलन गरी चौतारा बजारमा रहेको आफ्नै डेरीवाट दुध र दुग्धजन्य उत्पादन जस्तै: दही,घ्यू, पनीर आदि बिक्री वितरण गर्ने गरेका छन्। हाल प्रति लिटर दुध रू.११० मा स्थानीय बजारमा बिक्री हुने गरेका छन्। यस फर्मवाट निस्किएको मल फर्ममा नै जडित २५ घनमिटरको गोभर ग्यास प्लाण्टवाट भैंसी, बाखालाई दाना पकाउन र आफ्नै बारीमा अन्न, तरकारी तथा ग्याँस उत्पादनमा प्रयोग हुने गरेको पाईयो।

व्यवसायी विस्तार गर्ने योजना अन्तर्गत भविष्यमा सरकार वा स्थानीय तहवाट अनुदान प्राप्त भएमा भैंसीको संख्य थप गरी हालको भन्दा दोब्बर बनाउने योजना रहेको जानकारी प्राप्त गरियो। यस प्रकारको व्यवसायिक कृषि फर्मका लागि सरकारका तर्फवाट सहुलियतपूर्ण कर्जा वास्तविक किसानले प्राप्त गर्ने व्यवस्था गर्नुपर्ने सुझाव सहित गोठ-टहरा निमार्णमा अनुदान भन्दा पशु आहारमा कार्ड बनाएर अनुदान दिने संयन्त्रको विकास हुनुपर्ने सुझाव रह्यो। पशुपालनका लागि भनेर लिएको सरकारी अनुदान रकम अन्यत्र लगानी गरी दुरुपयोग हुने गरेकोले त्यस्तालाई कारवाही गर्ने संयन्त्रको विकास गर्नुका साथै निश्चित समयावधिमा अनुदान प्राप्त गरेका पशु पालक फर्महरुको स्थलगत निरिक्षण गर्ने व्यवस्था हुनुपर्ने सुझाव पनि प्राप्त भयो।

*(स्रोत : स्थलगत सर्वेक्षण)*

## ३.५ क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा १९.८ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २३ अर्ब ९२ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा १४.५ प्रतिशतले वृद्धि भएको थियो। यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश ४.६ प्रतिशत रहेको छ।

कृषि क्षेत्रमा प्रवाहित कर्जामा काठमाडौं जिल्लाको अंश ४४.८ प्रतिशत, चितवन जिल्लाको अंश २५.९ प्रतिशत, मकवानपुर जिल्लाको अंश ५.७ प्रतिशत, काभ्रेपलाञ्चोक जिल्लाको अंश ४.८ प्रतिशत, धादिङ जिल्लाको अंश ३.६ प्रतिशत, ललितपुर जिल्लाको अंश ३.४ प्रतिशत, नुवाकोट जिल्लाको अंश ३.३ प्रतिशत, भक्तपुर जिल्लाको अंश २.५ प्रतिशत, रसुवा जिल्लाको अंश २ प्रतिशत, सिन्धुली जिल्लाको अंश १.८ प्रतिशत, सिन्धुपाल्चोक जल्लाको अंश १.० प्रतिशत, रामेछाप जिल्लाको अंश ०.६ प्रतिशत, दोलखा जिल्लाको अंश ०.५ प्रतिशत रहेको छ (तालिका ३.४)।

**तालिका ३.४ : जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रु दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ६७८.६६ | ०.५ |
| सिन्धुपाल्चोक | १२९५.२७ | १.० |
| रसुवा | २४५५.३९ | २.० |
| धादिङ्ग | ४५१४.१६ | ३.६ |
| नुवाकोट | ४०७५.४६ | ३.३ |
| काठमाडौं | ५५४६४.४२ | ४४.८ |
| भक्तपुर | ३११४.१० | २.५ |
| ललितपुर | ४२७०.१२ | ३.४ |
| काभ्रेपलाञ्चोक | ५९०६.०३ | ४.८ |
| रामेछाप | ७५४.९२ | ०.६ |
| सिन्धुली | २२६९.१० | १.८ |
| मकवानपुर | ७०८७.३४ | ५.७ |
| चितवन | ३२०४०.६२ | २५.९ |
| **जम्मा** | **१२३९२५.५८** | **१००.०** |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.६.१ चुनौती

समीक्षा अवधिमा यस प्रदेशका कृषि क्षेत्रसँग सम्बन्धित चुनौतीहरु देहाय बमोजिम रहेका छन् ।

- पोल्ट्री व्यवसायमा उच्च लागतका कारण कुखुरा तथा चल्ला उत्पादनमा ह्रास आएकोले उत्पादनको उचित मूल्य प्रदान गरी व्यवसायलाई पुर्नस्थापित गर्नु ।
- उन्नत बीउको प्रयोग, बीउको उचित भण्डारण, समयमै बालीको संरक्षणको काम हुनु तथा आवश्यक प्राविधिक सहयोग समयमै पुऱ्याउनु ।
- आयात गरिएको तरकारी तथा फलफूलको विषादी परिक्षणलाई विस्तारित र नियमित गरी गुणस्तरीय र रसायनमुक्त तरकारी तथा फलफूल उपलब्ध गराउनु ।
- शहरी क्षेत्रमा जनसंख्या वृद्धि, अव्यवस्थित शहरीकरण तथा बसाईसराईका कारण उपत्यकामा कृषि भूमि मासिँदै गइरहेको तर पहाडी तथा हिमाली इलाकामा बसाईसराइका कारण जमिन बाँझो रहने भएकोले कृषि भू-क्षेत्रको संरक्षण तथा बाँझो जमिनको सदुपयोग गर्नु ।
- जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपका कारण कृषि चक्र परिवर्तन गर्न थालेको परिप्रेक्षमा यस्तो असरलाई नियन्त्रण गर्न रैथाने बीउबिजनको सुरक्षा र प्रयोग बढाउनु ।
- पशु तथा बालीनालीमा लाग्ने जेनेटिक तथा महामारी रोगको व्यवस्थापन गर्न प्राविधिक जनशक्ति, औषधि भ्याक्सिन तथा कृषकसँग समन्वय गर्ने संयन्त्र नहुनु ।
- जंगल नजिकका क्षेत्रहरुमा वन्यजन्तुबाट समय समयमा कृषिबाली तथा घरायसी पशुलाई क्षति पुग्ने भएकोले जनावरहरुलाई जंगलमै टिकाउन जंगल भित्रै आहारयुक्त विरुवा रोप्ने साथै उचित राहतको व्यवस्था गर्ने ।
- कृषि तथा पशुसँग सम्बन्धित तथ्याङ्क संकलन गर्ने निकायहरुको स्रोत र साधनको व्यवस्थापन गरी एकद्वार प्रणालीमार्फत् तथ्याङ्क उपलब्ध गर्न आवश्यक सफ्टवेयर तथा संयन्त्र विकास गर्नुका साथै आवश्यकता अनुसारको कृषि तथा भेटरिनरी शिक्षाको विकास गरी आगामी पुस्तालाई यस पेशातर्फ आकर्षित गर्नु ।
- माटो सुहाँउदो बाली खेतीका लागि माटोको जाँच गरी जमिनको वर्गीकरण, माटोको प्रकार अनुसारको मल तथा बीउबिजन र आवश्यकता अनुसार प्राविधिक सहयोग पुऱ्याएर जमिनको उत्पादकत्व वृद्धि गर्नु ।
- कृषि पूर्वाधारको विकास, कृषि तथा भेटनरी प्राविधिकको सहज उपलब्धता एवम् कृषकदेखि उपभोक्तासम्मको आपूर्ति श्रृंखलालाई प्रभावकारी बनाउनु ।

### ३.६.२ सम्भावना

समीक्षा अवधिमा कृषि क्षेत्रसँग सम्बन्धित यस प्रदेशका सम्भावनाहरु देहाय बमोजिम रहेका छन् ।

- रामेछाप, सिन्धुली लगायतका जिल्लामा स्क्रिन घरको प्रयोग, औंसा किराको व्यवस्थापन, बोर्डो मिश्रणको प्रयोग, पुराना बँगैचाको काँटछाँट तथा मल सिँचाइ व्यवस्थापन लगायतका कार्यमा कृषकको क्षमता वृद्धि गर्न सके सुन्तलाजातका विरुवाको आयु बढाउन तथा उत्पादकत्व वृद्धि गर्न सकिने सम्भावना रहेको ।
- ठूला तरकारी बजारमा किसानहरुका लागि होल्डिङ यार्डको व्यवस्था गर्ने र व्यवस्था भएको बजारमा सोको प्रभावकारी कार्यान्वयन गर्न सके उत्पादित तरकारीको सोझै बिक्रीबाट कृषकले उचित मूल्य पाउने सम्भावना रहेको ।

- कोदो, जौ, फापर तथा मसलाजन्य रैथाने बालीहरुमा आधारित विभिन्न परम्परागत तथा आधुनिक परिकारको विकास गर्न सकिएमा स्वदेश तथा अर्न्तराष्ट्रिय जगतमा Superfood को रुपमा बजारीकरण गर्न सकिने सम्भावना रहेको ।
- काठमाडौ उपत्यका लगायतका ठूला शहरहरुमा होटल, रेष्टुरेन्ट, पार्टीप्यालेस लगायतका स्थानमा सजावटका लागि ठूलो मात्रामा फूलको माग हुने तर आपुर्तिका लागि भारतबाट आयात गर्नुपर्ने भएकोले यस प्रदेशका काठमाडौं उपत्यका, काभ्रे, धादिङ, मकवानपुर लगायतका जिल्लामा पुष्प खेतीको उच्च सम्भावना रहेको ।
- प्रदेशभित्र निर्माणधीन पाउडर प्लान्ट तथा शीत भण्डारको निर्माण समयमा नै सम्पन्न गर्न सके दुध, फलफूल तथा तरकारीको उत्पादनलाई वृद्धि गराउन सकिने सम्भावना रहेको ।
- प्रदेशमा उत्पादित मकैलाई दाना उद्योगको कच्चा पदार्थको रुपमा उपलब्ध गराउन उत्पादन र आपूर्ति करार (Production and Supply Contract) लाई प्रभावकारी गर्न सकेमा मकैको आयात न्यूनीकरण गर्न सकिने सम्भावना रहेको ।

# परिच्छेद ४: उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन

समीक्षा अवधिमा यस प्रदेशका नमूना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४७ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा नमूना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४५.६ प्रतिशत रहेको थियो। चाउचाउ उत्पादन गर्ने उद्योगले सबैभन्दा बढी ९५.०२ प्रतिशत क्षमता उपयोग गरेको पाईएको छ भने अन्य रसायनिक पदार्थ अन्तर्गत Ointment को उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ६.५८ प्रतिशत रहेको छ।

समीक्षा अवधिमा अध्ययनले समेटेका यस प्रदेशका उद्योगमध्ये प्रशोधित दूधको उत्पादन १८.६ प्रतिशत, हल्का पेय पदार्थको उत्पादन ७.३ प्रतिशत, चुरोटको उत्पादन ६.७ प्रतिशत, पश्मिना उत्पादन १०.५ प्रतिशत, गार्मेण्ट उत्पादन ८.१ प्रतिशत, Tablet उत्पादन ८३.५ प्रतिशत, Dry Syrup उत्पादन ४.९ प्रतिशत र विजुलीको उत्पादन ६.८ प्रतिशतले बढेको छ। त्यसैगरी पशुदानाको उत्पादन ३ प्रतिशत, चाउचाउ उत्पादन ४.५ प्रतिशत, वियर उत्पादन १३ प्रतिशत, रंगको उत्पादन २३.५ प्रतिशत, Capsule उत्पादन २७.८ प्रतिशत, Ointment उत्पादन ३४.९ प्रतिशत, साबुन उत्पादन २०.१ प्रतिशत, सिमेन्ट उत्पादन ९.१ प्रतिशत र कपडाको जुत्ता उत्पादन १६.५ प्रतिशतले घटेको छ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा


समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशको औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ७.२ प्रतिशतले कम भई रु.९ खर्ब २ अर्ब ८७ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २४.३ प्रतिशतले वृद्धि भई रु.९ खर्ब ७३ अर्ब १२ करोड पुगेको थियो। यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३३.७ प्रतिशत रहेको छ। औद्योगिक कर्जामध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी रु.७ खर्ब ९१ अर्ब ३८ करोड (८७.७ प्रतिशत) कर्जा लगानीमा रहेको छ भने सिन्धुपाल्चोक जिल्लामा सबैभन्दा कम रु.६३ करोड कर्जा (०.१ प्रतिशत) लगानी रहेको छ।

**तालिका ४.१: जिल्लागत औद्योगिक कर्जा**

| जिल्ला | रकम (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | १०१०.०७ | ०.१ |
| सिन्धुपाल्चोक | ६३२.३३ | ०.१ |
| रसुवा | १६२९८.०१ | १.८ |
| धादिङ | ३१४३.२६ | ०.३ |
| नुवाकोट | १९७१.७४ | ०.२ |
| काठमाडौं | ७९१३८१.१४ | ८७.७ |
| भक्तपुर | ७६५३.०४ | ०.८ |
| ललितपुर | २५७९२.३३ | २.९ |
| काभ्रेपलाञ्चोक | ६१३३.४९ | ०.७ |
| रामेछाप | ६४७.७३ | ०.१ |
| सिन्धुली | १४९०.८५ | ०.२ |
| मकवानपुर | १३६५६.६९ | १.५ |
| चितवन | ३३०६८.९७ | ३.७ |
| **जम्मा** | **९०२८७९.६६** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

कुल औद्योगिक कर्जामध्ये खानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी (१७८.३ प्रतिशतले) वृद्धि भएको छ भने सबैभन्दा कम धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा (७.९ प्रतिशतले) वृद्धि भएको छ । यसैगरी कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा १३ प्रतिशतले र विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योगमा १६.३ प्रतिशतले कर्जा बढेको छ भने गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा १ प्रतिशतले र निर्माण सम्बन्धी उद्योगमा ५१.५ प्रतिशतले कर्जा घटेको छ ।




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

समीक्षा अवधिमा यस प्रदेशमा उद्योगहरुका चुनौतीहरु देहाय बमोजिम रहेका छन् ।

### ४.३.१ चुनौती

बागमती प्रदेश अन्तर्गतको औद्योगिक क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु विद्यमान रहेका छन् ।

- उपत्यका तथा आसपासको क्षेत्रको जमिनको बढ्दो मूल्यले उद्योग स्थापना र सञ्चालन लागत बढ्ने र उत्पादित वस्तुले विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्न कठिन हुने हुँदा जमिनको मूल्यमा स्थायित्व ल्याउनु ।
- अन्तर्राष्ट्रिय बजारमा आएको मूल्य वृद्धिले आयातित कच्चा पदार्थमा आधारित उद्योगको लागतमा वृद्धि हुनु ।
- घना बस्ती तथा बढ्दो जनघनत्वका कारण ठूला शहरहरुमा फोहोर तथा पानी व्यवस्थापन गर्न कठिन ।
- यस प्रदेशका पहाडी जिल्लाहरुमा उद्योग दर्ताको संख्या नगन्य रहेको तर वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेख्य रहेकोले त्यस क्षेत्रका जनशक्तिलाई औद्योगिक सीपको विकास गरी उद्योगको स्थापना गर्न प्रोत्साहित गर्नु ।
- पेय पदार्थ, औषधी, जुत्ता लगायतका उद्योगहरुको बजार विस्तार गरी पूर्ण क्षमता उपयोग गर्ने गरी सञ्चालनमा ल्याउनु ।

### ४.३.२ सम्भावना

उपरोक्त चुनौतीका बावजुद पनि बागमती प्रदेश अन्तर्गतको समीक्षा अवधिमा औद्योगिक क्षेत्रमा देहाय बमोजिमका सम्भावनाहरु पहिचान भएका छन् ।

- कागज, प्लाष्टिक, व्याट्रिको लिड, फलाम लगायतका स्क्रायाप संकलन गरी व्यवस्थापन गर्ने तथा त्यस्ता स्क्रायापलाई कच्चा पदार्थ बनाई उत्पादन गर्ने उद्योगलाई ग्रिन उद्योगको मान्यता दिई स्थापना तथा स्थानीय करमा सहुलियत दिन सके यस्ता उद्योग स्थापना गर्न प्रोत्साहन हुने साथै शहरी फोहोर व्यवस्थापनमा सहज हुने सम्भावना रहेको ।
- प्लास्टिक उद्योगमा देश आत्मनिर्भर उन्मुख भएपनि उक्त उद्योगबाट Scrap को रुपमा फालिने साना प्लाष्टिकका टुक्राहरुलाई पुनः उपयोग गर्न मिले फोहोर उत्पादनमा कमी आउनुका साथै, साना प्लाष्टिकका उद्योगहरुलाई कच्चापदार्थको रुपमा प्रयोग गर्न सकिने सम्भावना रहेको ।
- यस प्रदेशका विभिन्न जिल्लाहरुमा औद्योगिक पार्क तथा एकिकृत औद्योगिक विकास परियोजनाको अवधारणा अघि सारिएकोले उक्त परियोजना यथाशिघ्र अघि बढाउन सकिएमा प्रदेशमा औद्योगिक विकास भई रोजगारी सृजना हुने तथा आर्थिक वृद्धि हुने सम्भावना रहेको ।
- डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी औद्योगिक उत्पादनको बजार विस्तार गर्न तथा नयाँ उत्पादनको अध्ययन अनुसन्धान गर्न सकिने ।
- यस प्रदेशमा मासुजन्य उत्पादन, पानी तथा खाद्य प्रशोधन तथा फास्टफुडका थप उद्योग स्थापना गर्न सकिने ।
- बढ्दो बस्ती तथा महँगिदै गएको काठका कारण एल्मुनियम, रेलिङ, ग्रिल, UPVC, लगायतका धातु फेब्रिकेशन गर्ने उद्योग स्थापना हुन सक्ने ।
- यस प्रदेशमा हिमाली भेगको पानी प्रशोधन गरी प्याक गर्ने मिनरल वाटरका थप उद्योग स्थापना गरी खाडी मुलुकमा Bottled Mineral Drinking Water हवाईमार्गबाट निर्यात गर्न सकिने ।
- कृषि क्षेत्रमा संलग्न अत्याधिक जनशक्तिलाई उद्योग क्षेत्रमा परिचालन गर्न सकिने ।

# परिच्छेद ५ : सेवा क्षेत्र


सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट सम्बन्धी कारोबार, वित्तीय सेवा र यातायात सेवाहरु समेटिएको छ ।

## ५.१ पर्यटन

२०७९ साउन देखि पुस मसान्तसम्ममा अध्ययनमा समेटिएका होटलहरुको औसत अकुपेन्सी ३१.६ प्रतिशत रहेको छ । २०७८ साउन देखि पुस मसान्तसम्ममा अध्ययनमा समेटिएका होटलहरुको अकुपेन्सी औसतमा ११.१ प्रतिशत रहेको थियो । २०७९ साउनमा २२.४ प्रतिशत रहेको अकुपेन्सी २०७९ मंसिरमा ३७.७ प्रतिशत पुगेको छ (चार्ट ५.१) । कोभिडको असर क्रमश: कम भएसँगै असोज, कार्त्तिक, मंसिर र पुस महिनामा औसत अकुपेन्सीमा सुधार आएको देखिन्छ ।

अन्तर्राष्ट्रिय स्तरमा उच्च मुद्रास्फीति नियन्त्रण गर्न अवलम्बन गरिएको कसिलो मौद्रिक नीति तथा रुस-युक्रेन युद्धका कारण सुस्ताएको विश्व अर्थतन्त्र तथा समष्टिगत माग विस्तारमा कमी आएका कारण विदेशी तथा स्वदेशी पर्यटकको आगमनमा असर परेको छ । जसले गर्दा २०७९ पुस मसान्तमा होटलहरुको औसत अकुपेन्सी घटेको देखिन्छ ।

२०७९ पुस मसान्तसम्म नेपाल भरी कुल १८ वटा पाँचतारे होटलहरु संचालन रहेकोमा उपत्यका भित्र ११ वटा पाँचतारे होटलहरु संचालनमा रहेका छन् ।




*स्रोत: सर्वेक्षण क्षेत्रका होटलहरु (२०७९) ।*

बागमती प्रदेशमा संचालनमा रहेका जिपलाइनको संख्या तालिका ५.१ मा उल्लेख भए बमोजिम ६ वटा रहेको छ । यस्ता जिपलाइनबाट साहसिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्नुका साथै आर्थिक गतिविधि चलायमान गर्नमा मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

**तालिका ५.१: बागमती प्रदेशमा संचालनमा रहेका जिपलाइन**

| क. स | जिपलाइनको नाम | जिल्ला |
|---|---|---|
| १. | दरवार एडभेन्चर जिपलाइन | नुवाकोट |
| २. | धुलिखेल जिपलाइन | काभ्रे |
| ३. | मकवानपुर गढी जिपलाइन | मकवानपुर |
| ४. | नगरकोट जिपलाइन | काभ्रे |
| ५. | नौविसे जिपलाइन | धादिङ |
| ६. | रिभरफन जिपलाइन | धादिङ |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७९/८०।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ५७.३ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा सो संख्या १४.९ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व ६४.१ प्रतिशतले घटेर रु.५ अर्ब ६६ करोड कायम भएको छ (तालिका ५.१)। गत वर्षको सोही अवधिमा यस्तो राजस्व ११५.३ प्रतिशतले बढेको थियो। त्यसैगरी, समीक्षा अवधिमा घर/भवन नक्सापास संख्या ४२.१ प्रतिशतले घटेको छ ।

**तालिका ५.२ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | २०७८ पुस | २०७९ पुस |
|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | ९७६३४.०० | ४१६४८.०० |
| घर/भवन स्थायी नक्सा पास संख्या | १२८८२.०० | ७४५९.०० |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | १५७५०.५४ | ५६६२.१८ |

*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालय।*

## ५.३ वित्तीय सेवा


यस प्रदेशमा आर्थिक वर्ष २०७९ पुस मसान्तसम्ममा वाणिज्य बैंकका १ हजार ८ सय १०, विकास बैंकका ३ सय ३०, वित्त कम्पनीका १ सय ८ तथा लघुवित्त वित्तीय संस्थाका ७ सय ७७ गरी जम्मा ३ हजार २५ शाखा सञ्चालनमा रहेका छन्। यसमध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी (१ हजार १ सय ८४) तथा रसुवा जिल्लामा सबैभन्दा कम (५०) शाखा सञ्चालनमा रहेका छन् (तालिका ५.२)।

**तालिका ५.३: बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति**

| जिल्ला | २०७८ पुस | २०७९ पुस |
|---|---|---|
| दोलखा | ६१ | ६४ |
| सिन्धुपाल्चोक | ९९ | ९८ |
| रसुवा | ४८ | ५० |
| धादिङ | १५५ | १५३ |
| नुवाकोट | ११५ | ११९ |
| काठमाडौं | १,०८९ | ११८४ |
| भक्तपुर | १५७ | १६९ |
| ललितपुर | २८२ | २९९ |
| काभ्रेपलाञ्चोक | १८८ | १९२ |
| रामेछाप | ५५ | ५८ |
| सिन्धुली | ११० | ११४ |
| मकवानपुर | १६० | १६६ |
| चितवन | ३४७ | ३५९ |
| **जम्मा** | **२,८६६** | **३०२५** |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप २०७८ पुस मसान्तको तुलनामा १०.० प्रतिशतले वृद्धि भई २०७९ पुस मसान्तमा रु.३७ खर्ब ९ अर्ब ५८ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप १५.८ प्रतिशतले वृद्धि भएको थियो ।




*स्रोतः नेपाल राष्ट्र बैंक ।*

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा २०७८ पुस मसान्तको तुलनामा ३.० प्रतिशतले वृद्धि भई रु.२६ खर्ब ७८ अर्ब ८० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा २५.० प्रतिशतले वृद्धि भएको थियो । २०७९ पुस मसान्तमा कर्जा निक्षेप अनुपात ७२.२ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ७७.१ प्रतिशत रहेको थियो ।

## ५.४ यातायात

२०७९ साउनदेखि पुस मसान्तसम्ममा बागमती प्रदेशमा सवारी साधन दर्ता संख्या ५१ हजार १ सय २८ रहेको छ । यसमध्ये मोटरसाईकल संख्या ४५ हजार ५ सय ९२ तथा अन्य सवारी साधन संख्या ५ हजार ५ सय ३६ रहेको छ । गत वर्ष साउनदेखि पुस मसान्तसम्ममा बागमती प्रदेशमा सवारी दर्ता संख्या ९२ हजार ४ सय रहेको थियो ।

## ५.५ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा बागमती प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ०.१ प्रतिशतले बढेर रु.८ खर्ब ४३ अर्ब ५ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ९.१ प्रतिशतले घटेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ३१.५ प्रतिशत रहेको छ ।

कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेता क्षेत्रमा प्रवाहित कर्जा सबैभन्दा बढी (७.५ प्रतिशतले) वृद्धि भएको छ भने वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रमा सबैभन्दा कम (३.७ प्रतिशतले) वृद्धि भएको छ । पर्यटन क्षेत्रमा ७.१ प्रतिशतले वृद्धि भएको छ भने यातायात, भण्डारण र सञ्चार क्षेत्रमा १.४ प्रतिशतले कमी आएको छ । यसैगरी अन्य सेवा क्षेत्रमा प्रवाहित हुने कर्जामा ४२.२ प्रतिशतले कमी आएको छ ।

**तालिका ५.४: जिल्लागत सेवा क्षेत्र कर्जा**

| जिल्ला | रकम (रु.दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | २,३७३.७५ | ०.३ |
| सिन्धुपाल्चोक | २,२०४.७२ | ०.३ |
| रसुवा | ६,४६०.७६ | ०.८ |
| धादिङ | १०,०५०.२९ | १.२ |
| नुवाकोट | ५,६५५.६८ | ०.७ |
| काठमाडौं | ६७२,३०६.६९ | ७९.७ |
| भक्तपुर | १४,४१४.०८ | १.७ |
| ललितपुर | ४०,१५०.९५ | ४.८ |
| काभ्रेपलाञ्चोक | १६,७६९.३२ | २.० |
| रामेछाप | १,८०४.३७ | ०.२ |
| सिन्धुली | ५,०४१.४३ | ०.६ |
| मकवानपुर | १८,८१९.८९ | २.२ |
| चितवन | ४६,९९६.४८ | ५.६ |
| **जम्मा** | **८४३,०४८.४०** | **१००.०** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

सेवा क्षेत्र अन्तर्गत प्रवाह भएको कर्जामा काठमाडौं जिल्लाको अंश सबैभन्दा बढी (७९.७ प्रतिशत) र रामेछाप जिल्लाको अंश सबैभन्दा कम (०.२ प्रतिशत) रहेको छ (तालिका ५.३) ।

## ५.६ सहुलियतपूर्ण कर्जा

समीक्षा अवधिमा बागमती प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा ९ प्रतिशतले वृद्धि भएर रु. ७० अर्ब ६० करोड १० लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ६७.३ प्रतिशतले बढेको थियो । यस प्रदेशमा प्रवाहित कुल सहुलियतपूर्ण कर्जामध्ये सबैभन्दा बढी काठमाडौं जिल्लामा (३६.७१ प्रतिशत) प्रवाह भएको छ भने सबैभन्दा कम सिन्धुपाल्चोक जिल्लामा (०.६१ प्रतिशत) प्रवाह भएको छ (तालिका ५.९) । समीक्षा अवधिमा प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये सबैभन्दा बढी व्यावसायिक कृषि तथा पशुपन्छी व्यवसायतर्फ ६८.२९ प्रतिशत कर्जा प्रवाह भएको छ। काठमाडौं जिल्लामा प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये व्यावसायिक कृषि तथा पशुपन्छी व्यवसायतर्फ ६३.१३ प्रतिशत र महिला उद्यमशील कर्जा तर्फ २९.४६ प्रतिशत कर्जा प्रवाह भएको छ । यस प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा अन्तर्गतको भूकम्प पिडितहरुको निजी आवास निर्माणमा प्रवाहित कर्जामध्ये काठमाडौं जिल्लामा प्रवाहित भएको भूकम्प पिडितहरुको निजी आवास निर्माण कर्जाको हिस्सा ६३.५७ प्रतिशत रहेको छ ।

**तालिका ५.५ : सहुलियतपूर्ण कर्जा**

| जिल्ला | सहुलियतपूर्ण कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| दोलखा | ५१२.०२ | ०.७३ |
| सिन्धुपाल्चोक | ४३२.९३ | ०.६१ |
| रसुवा | ४६५.५४ | ०.६६ |
| धादिङ | ३१८०.५१ | ४.५० |
| नुवाकोट | २६५१.६४ | ३.७६ |
| काठमाडौं | २५९१६.१३ | ३६.७१ |
| भक्तपुर | २७६८.०६ | ३.९२ |
| ललितपुर | ४१३३.९९ | ५.८६ |

| | | |
|---|---|---|
| काभ्रेपलाञ्चोक | ३९६६.९८ | ५.६२ |
| रामेछाप | ४७२.४६ | ०.६७ |
| सिन्धुली | १२८६.०४ | १.८२ |
| मकवानपुर | ३९६२.१४ | ५.६१ |
| चितवन | २०८५२.५७ | २९.५४ |
| **जम्मा** | **७०६०१.०३** | **१००** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)।*

## ५.७ सहकारी

समीक्षा अवधिमा यस प्रदेशका नमूना अध्ययन छनौटमा समेटिएका १० वटा सहकारीहरुको २०७९ पुस मसान्तसम्म कुल पुँजी रु.७ अर्ब २१ करोड रहेको छ। त्यसैगरी, यी सहकारी संस्थाहरूमा रहेको कुल बचत रकम २०७८ पुस मसान्तको तुलनामा १.७ प्रतिशतले ह्रास भई २०७९ पुस मसान्तमा रु.१८ अर्ब ६ करोड पुगेको छ भने सो अवधिमा कुल ऋण रकममा २.१ प्रतिशतले वृद्धि भई रु.१६ अर्ब १२ करोड पुगेको छ। अध्ययनमा समेटिएका सहकारी संस्थाहरुको २०७९ पुस मसान्तसम्म कुल १२९,३८९ सदस्यहरु र कुल ४०१ जना कर्मचारीहरु रहेका छन्। समीक्षा अवधिमा छनौटमा समेटिएका सहकारी संस्थाहरुमा कर्मचारी संख्या १८.७ प्रतिशतले घटेको छ।

सहकारी विभागबाट प्राप्त तथ्याङ्क अनुसार समस्याग्रस्त सहकारीको रुपमा घोषणा भएका सहकारी संस्थाहरुको संख्या १२ रहेका छन। त्यसैगरी सदस्यको बचत फिर्ता गर्न नसकेको भनी उजुरी परेको सहकारीको संख्या ९५ रहेका छन् जसमा स्थानीय तहको क्षेत्राधिकार भित्रको सहकारी संस्थाहरु १७, प्रदेश तहको क्षेत्राधिकार भित्रको सहकारी संस्थाहरुको संख्या ६५ र संघको तहको क्षेत्राधिकार भित्रको सहकारी संस्थाहरुको संख्या १३ रहेका छन्।

**तालिका ५.६ : छनौटमा परेका १० सहकारी संस्थाहरूको २०७९ पुस मसान्तसम्मको विवरण**

| विवरण | दुई वर्ष अघि आ.व. २०७७/७८ (साउन-पुस) | गत अवधि आ.व. २०७८/७९ (साउन-पुस) | समीक्षा अवधि आ.व. २०७९/८० (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पुँजी (रु.करोडमा) | ६२१.४१ | ७१७.५५ | ७२१.४२ | १५.५ | ०.५ |
| कुल बचत (रु. करोडमा) | १७७४.६९ | १८३६.९२ | १८०६.०६ | ३.५ | -१.७ |
| कुल ऋण (रु. करोडमा) | १०६३.९२ | १५७८.२९ | १६११.९० | ४८.३ | २.१ |
| सदस्य सङ्ख्या | १२३५९७ | १२६४५३ | १२९३८९ | २.३ | २.३ |
| कर्मचारी सङ्ख्या | ४५५ | ४९३ | ४०१ | ८.४ | -१८.७ |

*स्रोत: अध्ययन क्षेत्रका सहकारी संस्थाहरू।*

## बक्स-४ :आन्तरिक तथा वाह्य पर्यटनको प्रचुर संम्भावना रहेको गोसाईकुण्ड क्षेत्र

धार्मिक तथा पर्यटकीय महत्वको गोसाईकुण्ड, रसुवा जिल्लाको लाङटाङ राष्ट्रिय निकुञ्जमा समुन्द्र सतहवाट ४३८० मिटरको उचाईमा रहेको छ। हिन्दु किम्वदन्ती अनुसार भगवान शिवले समुन्द्र मन्थन गर्दा यस कुण्डको उत्पत्ति भएको धार्मिक विश्वास रहेको छ। यस क्षेत्रमा गोसाईकुण्डका साथै भैरवकुण्ड, सूर्यकुण्ड लगायतका प्राकृतिक कुण्डहरु रहेका छन्। श्रावण महिनामा पर्ने हिन्दुहरुको महत्वपूर्ण पर्व जनैपूर्णिमाको समयमा यस स्थलमा नेपाली तथा भारतीय धार्मिक पर्यटकहरुको उल्लेख्य उपस्थिति रहने गरेको छ। यस क्षेत्रमा नेपाल तथा भारत वाहेक अन्य देशहरुका पर्यटकहरु पनि पैदलयात्राका लागि आउने गरेका छन्।



यस क्षेत्रसम्म पुग्नका लागि काठमाडौं तथा देशका अन्य क्षेत्रबाट पृथ्वी राजमार्ग अन्तर्गत धादिङको गल्छीहुँदै करिव ७२ किलोमिटरमा रहेको रसुवाको धुन्चे सम्म सार्वजनिक तथा निजी सवारी साधन प्रयोग गरी पुग्न सकिन्छ। समुन्द्र सतहबाट २००० मिटरको उचाईमा रहेको रसुवाको धुन्चेबाट करिब ११/१२ घण्टाको पैदल यात्रामा गोसाईकुण्डसम्म पुग्न सकिन्छ। काठमाडौंको सुन्दरीजल क्षेत्रबाट समेत पैदलयात्रा गरी यस धार्मिक तथा पर्यटकीय स्थलमा पुग्न सकिन्छ। साथै पैदलयात्रामार्फत पुग्न नसक्ने अवस्थाका तिर्थालु तथा पर्यटकका लागि काठमाडौंबाट सिधै गोसाईकुण्डसम्म हेलिकप्टरमार्फत पुग्न सकिने व्यवस्था समेत रहेको छ। अत्याधिक चिसो भई हिँऊ पर्ने पुष महिनादेखि फागुनसम्मका महिना बाहेक वर्षका अन्य महिनाहरु यस क्षेत्र भ्रमणका लागि उपयुक्त महिनाका रुपमा रहेका छन्।

पर्यटक तथा धर्मावलम्वीहरुको सुविधाका लागि पैदलयात्रामा पर्ने विभिन्न स्थानहरु जस्तैः देउराली, धिम्सा, चन्दनवारी, चोलाङपाती, लौरीविना तथा गोसाईकुण्डमा नै खाना तथा बसोवासका लागि होटल तथा लजहरुको प्रवन्ध रहेको छ। स्थानीय होटलहरुमा तिर्थालु तथा पर्यटकहरुको सुविधाका लागि जिल्ला प्रशासन कार्यालयको समन्वयमा गोसाईकुण्ड क्षेत्र विकास समितिले खाना तथा बसोवासका लागि लाग्ने अधिकतम शुल्कको दररेट निर्धारण र सोको अनुगमन गर्ने गरेको छ।

पर्यटनका अलावा यस क्षेत्रमा पशुपालन व्यवसायको प्रचुर सम्भावना रहेको छ। चन्दनवारीमा दुग्ध विकास संस्थानद्वारा सञ्चालित चिज उत्पादन केन्द्र सञ्चालनमा रहेको छ। स्थानीय २५ जना जति कृषकहरुले उत्पादन गरेको चौरी गाइको दुधबाट चिज उत्पादन गरी स्थानीय होटल लगायत धुन्चे बजार, काठमाडौं, चितवन, पोखरा जस्ता शहरका होटलहरुमा यस क्षेत्रमा उत्पादित चिजको बजार रहेको बुझिन्छ। जाडोको समयमा अत्याधिक चिसो हुने हुँदा चौरी सहित कृषकहरु बेसी झर्ने भएकाले जाडो यामको करिव ३ महिना उद्योग बन्द हुने जानकारी संस्थानमा कार्यरत कर्मचारीमार्फत भयो। पैदलयात्रामा पर्ने अधिकांश स्थानको बाटो सहज नै रहेको भएतापनि पर्यटकबाट उत्सर्जित फोहोरहरुको समयमा नै व्यवस्थापन गर्न नसकेमा भविष्यमा फोहोर व्यवस्थापन चुनौतीको रुपमा देखा पर्न सक्ने देखिन्छ। उर्जाको लागि काठ दाउराको व्यापक प्रयोग रहेकोमा चन्दनवारीभन्दा माथिका स्थानहरुमा विद्युत प्रशारण लाईन विस्तार गरी विद्युतीय उपकरणको प्रयोग प्रवर्द्धन गर्नु वाञ्छनीय रहेको छ। जलवायु परिवर्तनको असरले यस क्षेत्रलाई समेत नकारात्मक प्रभाव पारिरहेकोले पर्यावरणसँग सम्बन्धित दिगो विकासका लक्ष्य प्राप्तिका लागि नेपालले अन्तराष्ट्रिय रुपमा नै थप अग्रसरता लिनुपर्ने देखिन्छ। भौगोलिक जटिलता एवं यो क्षेत्र मुख्य रुपमा राष्ट्रिय निकुञ्जभित्र पर्ने भएकोले त्यस क्षेत्रमा पर्ने होटल व्यावसायीहरुको वित्तीय आवश्यकता पुरा गर्नको लागि बैंक तथा वित्तीय संस्थाहरुले डिजिटल भुक्तानी प्रणालीको प्रभावकारी विस्तारका लागि जोड दिनु पर्ने देखिन्छ।

*स्रोतः स्थलगत सर्वेक्षण।*

## ५.८ प्रदेशगत सरकारी वित्त

### प्रदेशगत सरकारी खर्च

महालेखा नियान्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० को पुस मसान्तसम्म बागमती प्रदेश सरकारको रु.११ अर्ब २० करोड बजेट खर्च भएको छ। उक्त रकम कुल विनियोजित बजेटको १५.८ प्रतिशत हो। चालु खर्चतर्फ बिनियोजित रकमको २३.० प्रतिशत र पुँजीगत खर्चतर्फ बिनियोजित रकमको १०.५ प्रतिशत खर्च भएको देखिन्छ। गत वर्ष सोही अवधिमा चालु खर्चतर्फ बिनियोजित रकमको १९.३ प्रतिशत र पुँजीगत खर्चतर्फ बिनियोजित रकमको १०.२ प्रतिशत खर्च भएको थियो (तालिका ५.५)।

**तालिका ५.७ : प्रदेशगत खर्चको स्थिति**

*रु.अर्बमा*

| खर्च शीर्षक | विनियोजित रकम | | पुस मसान्तसम्मको खर्च | | विनियोजनको तुलनामा खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० |
| चालु | २६.०२ | २७.०९ | ५.०२ | ६.२२ | १९.३० | २३.० |
| पुँजीगत | २९.७० | ४१.८५ | ३.०२ | ४.३८ | १०.१८ | १०.५ |
| वित्तीय व्यवस्था | २.०० | २.०० | ०.७० | ०.६० | ३५.०० | ३०.० |
| **कुल** | **५७.७२** | **७०.९४** | **८.७५** | **११.२०** | **१५.१५** | **१५.८** |

*स्रोत : महालेखा नियन्त्रकको कार्यालय,।*

### प्रदेशगत सरकारी आय

बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० पुस मसान्तसम्ममा आन्तरिक स्रोत र राजस्व बाँडफाँड गरी कुल राजस्व प्राप्ति रु.१४ अर्ब १९ करोड पुगेको छ। आर्थिक पर्ष २०७९/८० पुस मसान्तसम्ममा बागमती प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.५ अर्ब ३४ करोड अनुदान प्राप्त गरेको छ (तालिका ५.६)।

**तालिका ५.८: प्रदेशगत आयको स्थिति**

*रु. अर्बमा*

| शीर्षक | २०७९ पुस मसान्तसम्मको |
|---|---|
| कर | ६.६२ |
| गैर कर | १.९६ |
| अन्य राजस्व (बेरुजु, नगद मौज्दात) | १.२७ |
| **कुल राजस्व** | **९.८५** |
| **राजस्व बाँडफाँड (प्राप्ति)** | **४.३४** |
| **कुल राजस्व** | **१४.१९** |

*स्रोत : महालेखा नियन्त्रकको कार्यालय।*

## ५.९ स्थानीय तहहरुको बजेट स्थिति

बागमती प्रदेशमा रहेका स्थानीय तहहरुमध्ये छनौट गरिएको ५ स्थानीय तहहरु (काठमाडौं, भरतपुर, ललितपुर, भक्तपुर, हेटौंडा) ले आर्थिक वर्ष २०७९/८० पुस मसान्तसम्ममा रु.११ अर्ब १२ करोड रकम प्राप्त गरेका छन् जुन बजेटमा विनियोजित गरिएको रकमको ४८.१ प्रतिशत हो । अघिल्लो आर्थिक वर्षको अन्त्यसम्ममा यी स्थानीय तहहरुले रु.२१ अर्ब ५३ करोड रकम प्राप्त गरेका थिए । जुन बजेटमा विनियोजित गरिएको रकमको १०२.१ प्रतिशत हो ।

आर्थिक वर्ष २०७९/८० मा छनौट गरिएको ५ स्थानीय तहहरुमा रु.४० अर्ब ३९ करोड रकम खर्च विनियोजन गरिएको छ । जसमा पुँजीगत खर्चको हिस्सा ६२.८ प्रतिशत, चालु खर्चको हिस्सा ३६.३ प्रतिशत र वित्तीय खर्चको हिस्सा ०.९ प्रतिशत रहेको छ। उक्त स्थानीय तहहरुले वास्तविक रुपमा भने कुल विनियोजित बजेटको २६.२ प्रतिशतमात्र रकम खर्च गरेका छन् । जसमा पुँजीगत खर्चको हिस्सा ३७.६, चालु खर्चको हिस्सा ६०.८ र वित्तीय खर्चको हिस्सा १.६ रहेको छ । अघिल्लो वर्षको अन्त्यसम्ममा उक्त स्थानीय तहहरुले विनियोजित कुल बजेटको ५४.९ प्रतिशत खर्च गरेका थिए ।


**तालिका ५.९: बागमती प्रदेशको स्थानीय तहहरुको प्राप्ति खर्च विवरण***

रु. दश लाखमा

| विवरण | २०७८/७९ (वार्षिक) | | | २०७९/८० (अर्ध वार्षिक) | | |
|---|---|---|---|---|---|---|
| | बजेट | वास्तविक | बजेटको तुलनामा वास्तविक खर्च प्रतिशतमा | बजेट | वास्तविक | बजेटको तुलनामा वास्तविक खर्च प्रतिशतमा |
| कर | ८,५०४.३९ | ११,८६४.१५ | १३९.५ | ११,१९५.८४ | ४,६५७.१८ | ४१.६ |
| अनुदान | ८,३९१.३८ | ७,०७२.८६ | ८४.३ | ८,२९६.९६ | ५,२७७.७९ | ६३.६१ |
| *संघीय सरकार* | *७,३५०.८७* | *६,५००.२५* | *८८.४* | *७,०१३.४४* | *४,८३०.२७* | *६८.८७* |
| *प्रदेश सरकार* | *५८६.१०* | *४८०.११* | *८१.९* | *६५१.५२* | *४३५.३७* | *६६.८२* |
| *आन्तरिक स्रोत* | *७२.५०* | *१०.८०* | *१४.९* | *६२.००* | – | – |
| *वैदेशिक स्रोत* | *५१.९१* | – | – | *७०.००* | – | – |
| *जनसहभागिता* | *३३०.००* | *८१.७१* | *२४.८* | *५००.००* | *१२.१५* | *२.४३* |
| अन्य राजस्व | ३,८८८.१६ | २,४४८.५१ | ६३.० | ३,३००.९५ | १,१५९.०६ | ३५.११ |
| दयित्व | २९०.०० | ११४.६७ | ३९.५ | २९०.०० | २०.५९ | ७.१० |
| विविध प्राप्ति | १३.५४ | ३३.१० | २४४.६ | ३०.६९ | ७.४१ | २४.१६ |
| **क. कुल प्राप्ति** | **२१,०८७.४७** | **२१,५३३.२९** | **१०२.१** | **२३,११४.४३** | **११,१२२.०२** | **४८.१२** |
| **ख. कुल खर्च** | **३१,७४३.७३** | **१७,४१९.०९** | **५४.९** | **४०,३८८.२७** | **१०,५७३.६०** | **२६.१८** |
| *चालु* | *१२,५९१.९२* | *९,२४८.९६* | *७३.५* | *१४,६७३.०१* | *६,४३२.२८* | *४३.८४* |
| *पुँजीगत* | *१८,७६७.८७* | *७,९६४.१४* | *४२.४* | *२५,३६९.२४* | *३,९७०.४०* | *१५.६५* |
| *वित्तीय* | *३८३.९५* | *२०६.००* | *५३.७* | *३४६.०२* | *१७०.९२* | *४९.३९* |
| **बचत (न्युन) रकम (क-ख)** | (१०,६५६.२६) | ४,११४.२० | (३८.६) | (१७,२७३.८४) | ५४८.४२ | (३.१७) |

*स्रोत: महालेखा नियन्त्रण कार्यालय*

* अध्ययनमा समेटिएको ५ वटा स्थानीय तहहरु (काठमाडौं, भरतपुर, ललितपुर, भक्तपुर, हेटौंडा)को बजेट र यथार्थको रकम प्रस्तुत गरिएको ।




*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

अध्ययनमा समेटिएको स्थानिय तहहरुमध्ये आर्थिक वर्ष २०७९/८० पुस मसान्तसम्ममा कुल विनियोजित बजेटको तुलनामा सबैभन्दा बढी भक्तपुर नगरपालिकाले ४०.२ प्रतिशत वास्तविक खर्च गरेको छ भने काठमाडौं महानगरपालिकले सबै भन्दा कम २०.९ प्रतिशत वास्तविक खर्च गरेको छ। यसैगरी, भरतपुर महानगरपालिका, ललितपुर महानगरपालिका र हेटौंडा उपमहानगरपालिका कुल विनियोजित बजेटको क्रमशः ३३.८ प्रतिशत, २८.८ प्रतिशत र ३६.० प्रतिशत वास्तविक खर्च गरेका छन्।

**तालिका ५.१० : २०७९/८० पुस मसान्तसम्ममा ५ स्थानीय तहमा संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान***

रु. दश लाखमा


| विवरण | संघीय सरकारबाट | प्रदेश सरकारबाट | जम्मा प्राप्त | गत वर्ष प्राप्त |
|---|---|---|---|---|
| समानीकरण अनुदान | १,७७६.५२ | १७७.४४ | १,९५३.९५ | २,५५२.२६ |
| सशर्त अनुदान | ३,०२०.०० | २११.४९ | ३,२३१.४९ | ४,२८४.५३ |
| विषेश अनुदान | २२.५० | ५.६३ | २८.१३ | ७१.८३ |
| समपुरक अनुदान | ११.२५ | ४०.८१ | ५२.०६ | ६३.१४ |
| अन्य अनुदान | - | - | - | ८.६० |
| **जम्मा** | **४,८३०.२७** | **४३५.३७** | **५,२६५.६४** | **६,९८०.३५** |

*स्रोत: महालेखा नियन्त्रण कार्यालय*

* अध्ययनमा समेटिएको ५ स्थानीय तहहरु (काठमाडौं,भरतपुर, ललितपुर, भक्तपुर, हेटौंडा)को बजेट र यथार्थको रकम प्रस्तुत गरिएको।

अध्ययनमा समेटिएका ५ स्थानीय तहहरुले आर्थिक वर्ष २०७८/७९ मा कुल ६ अर्ब ९८ करोड संघीय सरकार र प्रदेश सरकारबाट अनुदान प्राप्त गरेका छन् जुन अघिल्लो वर्ष भन्दा ६ प्रतिशतले बढी हो। कुल अनुदान रकममा संघीय सरकारको अनुदान हिस्सा ९१.९ प्रतिशत रहेको छ भने प्रदेश सरकारको हिस्सा ६.८ प्रतिशत रहेको छ। यसैगरी कुल संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानमा सशर्त अनुदानको हिस्सा ६१.४ प्रतिशत र समानीकरण अनुदानको हिस्सा ३६.६ प्रतिशत रहेको छ।

**चार्ट ८ : २०७९ पुस मसान्तसम्म संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान**
**(रु. दश लाखमा)**




*स्रोतः महालेखा नियन्त्रण कार्यालय*

काठमाडौं महानगरपालिकाले संघीय र प्रदेश सरकारबाट समानीकरण र सशर्त अनुदान गरी कुल रु.१ अर्ब ५३ करोड रकम प्राप्त गरेको छ भने भक्तपुर नगरपालिकाले समानीकरण, सशर्त, विशेष, र समपुरक अनुदान गरी कुल रु.५४ करोड रकम अनुदान प्राप्त गरेको छ । यसैगरी भरतपुर महानगरपालिकाले संघीय र प्रदेश सरकारबाट समानीकरण, सशर्त र समपुरक अनुदान गरी कुल रु.१ अर्ब ३६ करोड, ललितपुर महानगरपालिकाले समानीकरण, सशर्त  र समपुरक गरी कुल रु.९४ करोड र हेटौंडा उपमहानगरपालिकाले समानीकरण, सशर्त र समपुरक गरी कुल रु.८९ करोड रकम अनुदान प्राप्त गरेका छन् ।

## ५.१० सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.८.१ चुनौती

समीक्षा अवधिमा पहिचान भएका बागमती प्रदेशको सेवा क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु रहेका छन् ।

- सार्वजनिक पार्क तथा खुला स्थानमा सवारी साधन तथा खुद्रा पसल निषेध क्षेत्र घोषणा गरी पार्कको सौन्दर्य, पुर्वाधार तथा सरसफाईलाई दिगो बनाउनु ।
- काठमाडौं उपत्यकामा बस्तीसँगै रहेका अधिकांश पेट्रोल पम्पले सरकारद्वारा निर्धारण गरेको मापदण्ड पालना नगरेकोले पम्पहरुको उचित व्यवस्थापन गरी दुर्घटनाजन्य जोखिम कम गर्नु ।
- विद्युत्तीय फोहोर व्यवस्थापन ९भ(धबकतभ :बलबनभ्रुभलत० एवम् डिजिटल तथ्याङ्कको सुरक्षित भण्डारण एवम् सञ्चालन गर्नु ।
- प्रमुख पर्यटकीय स्थलहरुमा पर्यटकहरुलाई थप सुरक्षा तथा सुविधा प्रदान गर्न सार्वजनिक शौचालय, फोहोर व्यवस्थापन, खाने पानी, हेल्प डेस्क, पर्यटक प्रहरी, पर्यटकीय क्षेत्रको डिजिटल नक्सा, द्रुत उद्धार टीम, पर्यटकीय स्थलहरुमा निशुल्क इन्टरनेटको पहुँच तथा २४ सै घण्टा सम्पर्क गर्न सकिने हटलाइन नम्बरको व्यवस्था गर्नु ।
- उपत्यकाभित्र हुने अत्यधिक ट्राफिक जामलाई कम गर्न सार्वजनिक यातायातलाई सफा, सहज, गुणस्तरीय बनाई पर्याप्त रुटहरुमा सार्वजनिक यातायात व्यवस्थापन गर्नु ।
- ठूला शहरमा मात्र प्राय गुणस्तरीय होटलहरु सिमित रहेकाले विदेशी तथा स्वदेशी पर्यटन प्रवर्द्धन गर्नका लागि प्रदेशका अन्य पर्यटकीय गन्तव्यहरुमा पनि गुणस्तरीय एवम् सुविधाजन्य होटेल तथा यातायात सुविधाको विकास गर्नु ।

- युट्युव, टिकटक जस्ता अनलाइन प्लेटफर्ममा गरिएको विज्ञापनबाट अदृष्य रुपमा रकम बाहिरिन सक्ने भएकाले त्यस्ता अनौपचारिक माध्यमका कारोबारलाई नियन्त्रणमा राख्नु ।
- उपत्यका तथा ठूला महानगरहरुमा खुला रुपमा छाडिएका कुकुर तथा पशुचौपायाहरुको नियन्त्रण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु र सोबाट फैलिनसक्ने रोग नियन्त्रण गर्नु ।
- प्रदेश र स्थानीय तहका बजेट खर्च बढाउनु ।

### ५.८.२ सम्भावना

उपरोक्त चुनौतीका बावजुद पनि बागमती प्रदेश अन्तर्गतको सेवा क्षेत्रमा देहाय बमोजिमका सम्भावनाहरु विद्यमान रहेका छन् ।

- यस प्रदेशमा साहसिक पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेकाले विदेशी पर्यटकहरुलाई यस्ता ठाउँहरुमा लैजाने व्यवस्था गर्न सकेमा पर्यटकहरुको बसाई अवधि लम्बाउन सकिने ।
- फोहोर पुनचक्रलाई प्रोत्साहन गर्न उत्पादित फोहोरको बजन अनुसार मूल्यदर तोक्नुपर्ने साथै संस्थागत र घरायसी फोहोरको दर पनि छुट्टा छुट्टै तोक्न सके फोहोर व्यवस्थापनमा सहज हुने ।
- सरकारी कार्यालय, सामुदायिक अस्पताल, सामुदायिक विद्यालय, सार्वजनिक पार्क, प्रमुख बजार केन्द्र, तथा जनताको भिड बढी हुने ठाउँहरु पहिचान गरी यस्ता स्थानहरुमा सुपथ मूल्यमा High Speed इन्टरनेट प्रदान गरी सेवाको गुणस्तर वृद्धि गर्न सकिने ।
- देशगत रुपमा भित्रिने पर्यटकको विविधीकरण गरी सोही अनुसारको प्याकेज विकास गर्न सके पर्यटक आगमन संख्या र बसाँइ अवधि बढाउन सकिने ।
- यस प्रदेशको काठमाडौं उपत्यका नजिक रहेका डाँडाहरुमा पर्यटकीय रिसोर्टहरु निमार्ण भई संचालनमा आइरहेकोले पर्यटन क्षेत्र थप विस्तार हुने साथै नयाँ होटलहरु विस्तार भएकाले पर्यटकलाई सहज सुविधा प्राप्त हुने हुँदा पर्यटक आगमन बढ्न सक्ने ।
- धादिङ जिल्लामा पर्ने रुबी भ्याली, त्रिपुरा सुन्दरी, भैरवी मन्दिर तथा चितवनमा पर्ने नारायणी नदी किनार, पवित्र धार्मिक स्थल देवघाट, तथा सिराइचुलीमा पयर्टन प्रवर्द्धनका लागि आवश्यक सडक र अन्य पूर्वाधार निर्माण तथा विस्तार गर्न सके पयर्टन व्यवसाय वृद्धि हुने । नारायणी नदीमा पानी जहाज संचालन भएसँगै पर्यटकीय गतिविधिमा विस्तार हुने ।
- डेन्टल, आँखा तथा कस्मेटिक उपचारका लागि विशिष्टिकृत अस्पतालको स्थापना गरी मेडिकल पर्यटन बढ्न सक्ने सम्भावना रहेको ।
- सार्वजनिक यातायातमा भाडा भुक्तानीलाई सजिलो बनाउन निशुल्क इन्टर्नेट तथा स्क्यान एण्ड पे सुविधा उपलब्ध गराउने तथा सार्वजनिक यातायातमा ट्राभल कार्डबाट भुक्तानी गर्ने व्यवस्था मिलाउने ।
- ट्राफिक एप निर्माण गरी सोको व्यवस्थित र प्रभावकारी कार्यान्वयन गरी ट्राफिक जाम नियन्त्रण गर्न सकिने सम्भावना रहेको ।
- काठमाडौं, चितवन जस्ता व्यस्त शहरमा मानसिक स्वास्थ्य विग्रिने सम्भावना रहेकोले बाल, युवा र बृद्धहरुलाई स्वच्छ र शान्त वातावरणमा हिँडडुल र आराम गर्न व्यायाम उपकरण सहितको सार्वजनिक पार्कहरु निर्माण गर्न सकेमा जनताको मानसिक स्वास्थ्यमा सुधार आउन सक्ने सम्भावना रहेको ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

पूर्वाधार निर्माण क्षेत्रमा सडक विभाग, जिल्ला पूर्वाधार विकास कार्यालय, स्थानीय तह, भवन निर्माण कार्यालय जस्ता संयन्त्रहरू क्रियाशिल रहेका छन् ।

यस प्रदेशमा हालसम्म सडकतर्फ २२३२.४१ कि.मी. सडकमध्ये कुल कच्ची सडक ७६१.७ कि.मी., ग्राभेल सडक ७७९.६ कि.मी., कालोपत्रे सडक ५३६.२ कि.मी. तथा ढलान सडक १५४.८ कि.मी. चालु अवस्थामा रहेका छन् । हाल सम्ममा बागमती प्रदेशमा सडक पुल ६९ वटा र झोलुंगे पुल ७ वटा निर्माण भएका छन् । (स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय, मकवानपुर) ।

बागमती प्रदेशमा चुरियामाई सुरुङ मार्गको पुननिर्माण तथा जीर्णोद्धारको कार्य सुरु भएको छ । यो सुरुङ मार्ग दक्षिण एसिया कै पहिलो सुरुङ मार्गको रुपमा परिचित छ । यसैगरी चोभारमा सुख्खा बन्दरगाह निर्माण सम्पन्न भएको छ भने क्षतिग्रस्त मेलम्ची खानेपानी आयोजना पुनः सञ्चालनमा आएको छ ।

सडक क्षेत्रको लागि आवश्यकता अनुसार वायो ईन्जीनियरिंग तथा सडक सुरक्षाका पूर्वाधारहरुको निर्माण कार्यहरु भईरहेको अवस्था छ । त्यसैगरी, प्रमुख प्रादेशिक सडकहरुको नियमित, पटके तथा आकस्मिक मर्मत तथा सम्भारका कामहरु पनि निरन्तर रुपमा भइरहेको पाइन्छ ।

राष्ट्रिय गौरवका आयोजना अन्तर्गत यस प्रदेशमा ९ वटा आयोजना पर्दछन् जसमध्ये माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको निर्माण सम्पन्न भई विद्युत उत्पादन सुरु भईसकेको छ ।

**तलिका ६.१ :- राष्ट्रिय गौरवका आयोजनाको विवरण**

| क्र. सं. | आयोजनाको नाम | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत रु. | आ. व. २०७९/८० को लक्ष्य अनुसार २०७९ पुस मसान्त सम्मको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक | वित्तीय | |
| १. | सुनकोशी मरिन डाइभर्सन आयोजना* | २०७३/७४ | १२२,००० हेक्टर, २८.६ मेगावाट | २०८०/८१ | ४६ अर्ब १९ करोड | ११५.० | ८८.८ | |
| २. | विद्युत् प्रशारण आयोजना | तयारी चरणमा रहेको | ४०० के.भि. २८९ कि.मि. आन्तरिक २३ कि.मि. अन्तरदेशीय | | अमेरिकी डलर ५२ करोड | ४.२३ | ३९.१२ | |
| ३. | हुलाकी राजमार्ग | २०६६/६७ | १७९२.४२ कि.मि. | २०७९/८० | ६५ अर्ब २० करोड | १९.६४ | ३९.१ | |
| ४. | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | २०६४/६५ | १८७९ कि.मि. | २०७९/८० | १ खर्ब १ अर्ब ५० करोड | १७ | १६.२ | |
| ५. | काठमाडौं तराई-मधेस द्रुत मार्ग | २०७४/७५ | ७२.५ कि.मि. | २०८०/८१ | २ खर्ब १३ अर्ब ९५ करोड | ७.०४ | ९.१५ | |
| ६. | मेलम्ची खानेपानी आयोजना (प्रथम चरण) | २०५५ | ५१ करोड लिटर | २०७७/७८ (प्रथम चरण) | ३१ अर्ब ३६ करोड | ३२.११ | २०.१ | |
| ७. | पशुपती क्षेत्र विकास कोष | २०५७/५८ | २८६.६ हेक्टर | २०७८/७९ | १ अर्ब २७ करोड | ६५ | ४७.४ | |
| ८. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | २०७१/७२ | तराई मधेशका ३७ जिल्ला | २०९३/९४ | १० अर्ब २२ करोड | २९.५३ | १४.३३ | |

**प्रगति विवरण सम्बन्धित आयोजनावाट प्राप्त (२०७९ माघ मसान्तसम्म) ।*

*स्रोत : राष्ट्रिय योजना आयोग ।*

## राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

चुरे, भावर र दुन क्षेत्रको प्राकृतिक स्रोत तथा सम्पदाको संरक्षण एवम् दिगो व्यवस्थापन गरी मानव बस्ती व्यवस्थित गर्ने उद्देश्य सहित राष्ट्रपति चुरे संरक्षण कार्यक्रम नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ देखि लागु गरी आर्थिक वर्ष २०७०/७१ देखि राष्ट्रिय गौरवको आयोजनाको रुपमा अगाडि बढाइएको हो। पूर्व इलामदेखि पश्चिम कञ्चनपुरसम्म ३७ जिल्लामा फैलिएको चुरे क्षेत्र भू-बनोट, माटोको प्रकृति, जैविक विविधतामा ह्रास र छोटो अवधिको सघन वर्षा आदि कारणले अति संवेदनशील क्षेत्रको रुपमा रहेको छ। जनसंख्याको चाप, अवैज्ञानिक खेतीपाती, खुल्ला अतिचरिचरण/छाडा पशुपालन, अव्यवस्थित बसोबासले गर्दा वन विनाश र प्राकृतिक स्रोतको दोहन अत्यधिक हुँदा त्यसको प्रतिकुल असर चुरे, दुन लगायत समग्र तराई क्षेत्रमा परिरहेको छ। आर्थिक वर्ष २०९०/९१ मा सम्पन्न गर्ने भनिएको उक्त कार्यक्रमको कुल अनुमानित लागत रु.२ खर्ब ४९ अर्ब ७० करोड (आर्थिक वर्ष २०७२/७३ को मूल्यमा) रहेको छ। बिरुवा उत्पादन, वृक्षरोपण, खहरे खोला तथा नदी नियन्त्रण, ताल तलैया संरक्षण, भूमिगत जल पुर्नभरण तथा संरक्षण, तटबन्ध तथा ड्याम निर्माण, काष्ठ तथा गैर काष्ठ उद्योग संचालन, पर्यापर्यटन क्षेत्र प्रवर्द्धन र चुरे क्षेत्र सम्बन्धी विभिन्न अध्ययन अनुसन्धान गर्ने जस्ता क्रियाकलापद्वारा चुरे तराई मधेश क्षेत्र संरक्षण गरिने यो कार्यक्रमको कार्यान्वयन पश्चात् करिब ४२ लाख जनसंख्या लाभान्वित हुनेछन्। आर्थिक वर्ष २०७८/७९ सम्म आयोजनाको कुल लक्ष्यको तुलनामा यस आयोजनाको समष्टिगत भौतिक प्रगति ४.९९ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ४.८४ प्रतिशत मात्र रहेको छ (स्रोतः राष्ट्रिय योजना आयोग)।

## काठमाडौं तराई मधेस द्रुतमार्ग आयोजना

देशको संघीय राजधानीलाई तराई मधेससँग छोटो दुरीमा (७२.५ कि.मी.) जोडी यात्रा तथा ढुवानी सहज बनाउने उद्देश्य सहित आर्थिक वर्ष २०७३/७४ देखि काठमाडौं तराई मधेस द्रुतमार्ग आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा कार्यान्वयनमा ल्याइएको हो। एशियन हाइवे स्ट्यार्न्डडको (Class A, Four Lane) रुपमा निर्माण गरिने उक्त आयोजना आर्थिक वर्ष २०८०/८१ सम्म सम्पन्न हुने लक्ष्य रहेको छ। यसमा ३ वटा सुरुङ मार्ग र ८७ वटा पुल सहितको यस द्रुतमार्गको निर्माण पश्चात् काठमाडौंबाट निजगढ सम्मको यात्रा करिब १ घण्टामै तय गर्न सकिन्छ। उक्त द्रुतमार्गको अनुमानित लागत रु.२ खर्ब १३ अर्ब ९५ करोड रहेको छ। आर्थिक वर्ष २०७८/७९ सम्म आयोजनाको कुल लक्ष्यको तुलनामा यस आयोजनाको समष्टिगत भौतिक प्रगति २१.१८ प्रतिशत र समष्टिगत वित्तीय प्रगति १९.५८ प्रतिशत मात्र रहेको छ (स्रोतः राष्ट्रिय योजना आयोग)।

## सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

राष्ट्रिय योजना आयोगले आर्थिक रुपान्तरणकारी आयोजनाको रुपमा अघि सारेको यस आयोजनाले सुनकोशी नदीको पानी फर्काएर मरिन खोलामा झारी बागमती नदीले बागमती सिँचाइ योजनाको सिँचित क्षेत्र सहित बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा जिल्लाहरूकोसमेत गरी जम्मा १,२२,००० हेक्टर जमिनमा भरपर्दो सिँचाइ सुविधा पुऱ्याउने र ३१.०७ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ। कुल लागत रु.४६ अर्ब १९ करोड रहेको र आ.व २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य लिएको यस आयोजना बागमती प्रदेशको सिन्धुली र रामेछापमा मुख्य संरचना रहने गरी निर्माण गर्न लागिएको छ। आयोजना सुरु गरिएको अवधि देखि आर्थिक वर्ष २०७८/७९ सम्म आयोजनाको कुल लक्ष्यको तुलनामा यस आयोजनाको भौतिक प्रगति ७.६ प्रतिशत र वित्तीय प्रगति ७.५७ प्रतिशत मात्र रहेको छ (स्रोतः राष्ट्रिय योजना आयोग)।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौती

समीक्षा अवधिमा पहिचान भएका बागमती प्रदेश अन्तर्गतको पूर्वाधार क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु विद्यमान रहेका छन् ।

- नक्सापास बिना संरचना निर्माण हुने पद्धतीलाई हटाई माटोको परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र नक्सापास गर्ने कार्य चुनौतीपूर्ण रहेको ।
- घोषणा गरिएको आयोजनाको स्रोत नियमित रुपमा व्यवस्थापन गर्नु, सुचना प्रकाशन तथा खरिद प्रक्रिया समयमै गर्नु ।
- निर्माणाधीन पुर्वाधारहरुले निम्त्याउन सक्ने दुर्घटना, विपद तथा जोखिमलाई न्युनीकरण गर्दै कार्य सम्पन्न गर्नु ।
- आयोजनाका लागि गुणस्तरीय स्वदेशी कामदार तथा विशेषज्ञको सुनिश्चिता गर्नु ।
- सम्पन्न पुर्वाधारहरुको समय समयमा अनुगमन तथा मर्मत सम्भार गरी आयोजनाको आयु बढाउनु ।
- नयाँ पूर्वाधार प्रस्ताव गर्नु अगाडि नै मुआब्जा, जग्गा अधिग्रहण, रोजगारी, सेयर बाँडफाँड लगायतका स्थानीय विषयहरु सम्बोधन गरि आयोजनाको म्क्ष्बरक्ष्भ सम्पन्न गरेपछि मात्रै आयोजनाको लागि बजेट छुट्टाउनु ।
- समयमा नै आयोजनाहरु सम्पन्न गर्नु ।

### ६.२.२ सम्भावना

उपरोक्त चुनौतीका बावजुद पनि बागमती प्रदेश अन्तर्गतको पूर्वाधार क्षेत्रमा देहाय बमोजिमका सम्भावनाहरु विद्यमान रहेका छन् ।

- राष्ट्रिय महत्वका आयोजनाहरु एकीकृत अनुगमन प्रणालीमा आवद्ध गरी डेक्स मोनिटरिङ गर्ने कार्य अघि बढाइएकोले आयोजनाले भोगेका समस्या समाधान हुने सम्भावना बढेको ।
- काठमाडौ उपत्यका, चितवन, बनेपा लगायतका ठूला सहरहरुलाई व्यवस्थित गर्न Intelligent Traffic Light System, Parking Garage, Utility Corridor लगायतको पूर्वाधार निर्माण गर्न सकिने ।
- महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाँऊपालिकाहरुको कार्ययोजनामा पुर्वाधारलाई प्राथमिकतामा राखिएको हुनाले भौतिक पूर्वाधार निमार्णले छिटो गति लिने ।
- काठमाडौ, भरतपुर, हेटौंडा लगायतका सहरहरुमा ठूला सवारी साधनको आवतजावत गर्न, ढुवानी गर्नका लागि बाहिरी चक्रपथको निर्माण तथा व्यवस्थित बसपार्क निर्माण गर्ने ।
- सिमेन्ट, रड, ढुंगा गिट्टी लगायतका निर्माण सामाग्रीहरुमा देश आत्मनिर्भर रहेकोले आपूर्ति श्रृंखला सहज हुने तथा गुणस्तरमा एकरुपता कायम गर्ने ।
- सवारी साधनको चाप बढी रहने बाटोमा फ्लाईओभर, अन्डरपास निर्माण गरी ट्राफिक जामको व्यवस्थापन गर्न सकिने ।

## ६.३ रोजगारी

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बागमती प्रदेशमा आ.व. २०७९/८० पुस मसान्तसम्म नुवाकोट जिल्लामा सबैभन्दा बढी (१७९ वटा) र भक्तपुर जिल्लामा सबैभन्दा कम (७ वटा) आयोजनाहरू रहेका थिए। त्यसैगरी, आ.व. २०७९/८० पुस मसान्तसम्ममा दोलखा जिल्लाका युवाहरूले सबैभन्दा बढी दिन रोजगारी प्राप्त गरेको देखिन्छ भने भक्तपुर र ललितपुरमा रोजगारी प्रदान नगरेको देखिन्छ। कुल सूचीकृत बेरोजगारको संख्या सबैभन्दा बढी दोलखा जिल्लामा रहेको छ (तालिका ६.२)।

**तालिका ६.२: जिल्लागत रोजगारीको विवरण (पुस मसान्तसम्म)**

| जिल्ला | आयोजना संख्या | सूचीकृत बेरोजगार संख्या | कुल रोजगारी प्राप्त संख्या | कुल रोजगारी दिन |
|---|---|---|---|---|
| दोलखा | १७८ | १६४६० | ६०५ | ३५६२० |
| सिन्धुपाल्चोक | ९५ | १२७९५ | ५९२ | १७५३५ |
| रसुवा | २१ | १५८९ | ३१ | ३३४२ |
| धादिङ | ४० | ९७०२ | १४४ | ५५९९ |
| नुवाकोट | १७९ | ८९४२ | ४४६ | ३२४९९ |
| काठमाडौं | ६१ | २९७३ | १४५ | ५८४८ |
| भक्तपुर* | ७ | १८०९ | ४२ | – |
| ललितपुर* | १२ | २९२० | ५२ | – |
| काभ्रेपलाञ्चोक | ८९ | ८६२९ | १६९ | १४४३ |
| रामेछाप | ७० | ५६२९ | ३२६ | ७६६१ |
| सिन्धुली | ९१ | १३४४३ | ४२० | ९६०२ |
| मकवानपुर | ११ | ७५७२ | १३५ | ७५०० |
| चितवन | ३७ | ३६२८ | १४३ | ४१२७ |
| **जम्मा** | **८९१** | **९६,०९१** | **३०८१** | **१३०,७७६** |

** भक्तपुर र ललितपुर जिल्लाको कुल रोजगारी दिन उपलब्ध नभएको।*

*स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम, २०७९*

### वैदेशिक रोजगारी

बागमती प्रदेशमा आ.व. २०७८/७९ साउनदेखि पुसको तुलनामा आ.व. २०७९/८० को सोही अवधिमा वैदेशिक रोजगारीको श्रम स्वीकृति लिनेको संख्या करिब ४८.४ प्रतिशतले वृद्धि भएको देखिन्छ। देशमा पर्याप्त रोजगारीका अवसर सृजना हुन नसक्नु र कृषि क्षेत्रमा रोजगारीको आकर्षण कम हुनुले हरेक वर्ष वैदेशिक रोजगारीमा जानेको संख्या वृद्धि भैरहेको छ। यस प्रदेशमा मात्रै वैदेशिक रोजगार विभागबाट २०७९ साउनदेखि पुससम्म कुल ६१ हजार ४ सय ६३ जनाको वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिएको छ। गत वर्ष सोही अवधिमा वैदेशिक रोजगारीको लागि जम्मा ४१ हजार ४ सय १० जनालाई स्वीकृति प्रदान गरिएको थियो (तालिका ६.३)।

**तालिका ६.३: जिल्लागत वैदेशिक रोजगारी श्रम स्वीकृतिको विवरण**

| जिल्ला | आ.व. २०७७/७८ साउन-पुस | आ.व २०७८/७९ साउन-पुस | आ.व २०७९/८० साउन-पुस |
|---|---|---|---|
| दोलखा | ३२२ | २१७२ | ३५३३ |
| सिन्धुपाल्चोक | ६३४ | ४०९० | ६१८४ |
| रसुवा | १२१ | ५०९ | ६९४ |
| धादिङ | ६२५ | ४१९८ | ६६११ |
| नुवाकोट | ६०८ | ३७१७ | ५३३० |
| काठमाडौं | ६३४ | ३२२१ | ४००७ |
| भक्तपुर | १७८ | ७९३ | १७५९ |

| जिल्ला | आ.व. २०७७/७८ साउन-पुस | आ.व २०७८/७९ साउन-पुस | आ.व २०७९/८० साउन-पुस |
|---|---|---|---|
| ललितपुर | २२६ | १४३१ | १८९५ |
| काभ्रेपलाञ्चोक | ६५३ | ४१८३ | ६५०१ |
| रामेछाप | ३७१ | २४८८ | ३९२७ |
| सिन्धुली | ४६८ | ३५५२ | ५७१५ |
| मकवानपुर | ६५७ | ४६०४ | ७२१८ |
| चितवन | १३३४ | ६४५२ | ८०८९ |
| **कुल** | **६८३१** | **४१४१०** | **६१४६३** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०७९*

### ६.३.१ चुनौती

समीक्षा अवधिमा पहिचान भएका बागमती प्रदेशको रोजगारी क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु रहेका छन् ।

- न्यून तलबका कारण डाक्टर, नर्स, ल्याव प्राविधिक लगायतका जनशक्ति पलायन हुने दर तीव्र रहेकोले समयानुकूल तलबभत्ता निर्धारण गरी जनशक्तिलाई टिकाई राख्नु ।
- कृषिमा आकर्षण बढाउनुका साथै उद्योग, कलकारखाना, निर्माण कार्यलाई अगाडी बढाई देशमा पर्याप्त रोजगारी सृजना गर्नु ।
- वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेखनीय रुपमा बढेसँगै गन्तव्य मुलुकमा काम, तलब र सेवा सुविधाको सुनिश्चिता गर्नु ।
- म्यानपावर कम्पनीको काम कारवाहीलाई नियमित रुपमा अनुगमन गरी वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण गर्नु ।
- उद्योग सञ्चालनका लागि स्वदेशी श्रमिकको दक्षता अभिवृद्धि गर्दै भारतबाट आउने श्रमिकमाथिको परनिर्भरता कम गर्दै लैजानु ।

### ६.३.२ सम्भावना

उपरोक्त चुनौतीका बावजुद पनि बागमती प्रदेश अन्तर्गतको रोजगारी क्षेत्रमा देहाय बमोजिमका सम्भावनाहरु विद्यमान रहेका छन् ।

- सूचना प्रविधिमा हाल संचालनमा रहेको बिजनेस प्रोसेस आउटसोर्सिङ, तथ्यांक प्रशोधन, विदेशमा रहेको आइटि कम्पनीको आइटि युनिट नेपालमा खडा गर्न सके रोजगारी सिर्जना हुने सम्भावना रहेको ।
- यस प्रदेशमा बैंकिङ सेवा, सञ्चार माध्यम, इन्टरनेट, मोबाइल लगायतमा युवाहरुको आकर्षण र पहुँच राम्रो रहेकोले Application Development, ई-लर्निङ, ई-कन्सल्टेन्सी, ई-लाइब्रेरी लगायतका प्रविधिमैत्री सेवाको विस्तार गरी रोजगारी सृजना गर्नु ।
- यस प्रदेशमा होटल, रेष्टुरेन्ट तथा रिर्सोटको संख्या बढेसँगै यस क्षेत्रमा रोजगारीको सम्भावना बढेको ।
- काठमाडौं उपत्यका तथा ठूला शहरहरुमा स्वदेशी कृषि फर्मबाट उत्पादित उपजको आपूर्ति गरी रोजगारी सृजना हुने सम्भावना रहेको ।
- बैंक तथा वित्तीय संस्थाबाट SME लाई प्रवाह गर्ने ऋणको हिस्सा बढेको हुनाले यस क्षेत्रमा रोजगारी सिर्जना हुने सम्भावना रहेको ।

# परिच्छेद ७: आर्थिक परिदृष्य

प्रदेशका कृषि विज्ञ, पशुपन्छी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालयका कार्यालय प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी व्यवसायी तथा अन्य सरोकारवालाहरुले आर्थिक परिदृश्य सम्बन्धी अभिव्यक्त गरेका विचार तथा जानकारीका आधारमा विश्लेषण गर्दा प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधि आगामी महिनाहरुमा थप विस्तार हुने अनुमान गरिएको छ ।

## ७.१ कृषि क्षेत्रको उत्पादन परिदृष्य

आर्थिक वर्ष २०७९/८० मा समयमै रोपाई भएको, बीउ बिजन, प्रविधि र रासायनिक मलको उपलब्धतामा सुधार आएको र गत आर्थिक वर्षको Base Effect को कारण समीक्षा अवधिको उत्पादनमा देखिने असरका कारण यस वर्ष कृषि उत्पादनमा केही वृद्धि हुने अनुमान रहेको छ ।

## ७.२ औद्योगिक क्षेत्रको परिदृष्य

कोभिड-१९ को असर न्यूनीकरण र अर्थतन्त्र चलायमान भएको अवस्थामा बागमती प्रदेशको औद्योगिक क्षेत्रमा केही सुधार आएको भएता पनि अन्तराष्ट्रिय बजारमा भएको मूल्य वृद्धि, न्यून औद्योगिक कर्जा विस्तार, आयातमा गरिएको कडाई, निजी क्षेत्रको मनोवलमा देखिएको सुस्तता, नेपाल राष्ट्र बैंकले उपलब्ध गराउँदै आएको पुर्नकर्जामा कमी, सिमेन्ट तथा स्टील उत्पादन तथा बिक्रिमा कमी, न्यून उत्पादन क्षमताको प्रयोग, पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धि आदिका कारण यस आर्थिक वर्षमा समग्रमा उत्पादनमा केही कमी आउने देखिन्छ ।

## ७.३ सेवा क्षेत्रको परिदृष्य

सुस्ताएको विश्व अर्थतन्त्र तथा समष्टिगत माग विस्तारमा कमी आएका कारण विदेशी तथा स्वदेशी पर्यटकको आगमनमा असर परेको हुनाले बागमती प्रदेशमा रहेका होटलहरुको औसत अकुपेन्सी दर कम रहे पनि समीक्षा अवधिको पछिल्ला महिनाहरुमा अकुपेन्सीमा सुधार आएको छ । विश्व अर्थतन्त्रमा क्रमिक सुधार आई स्वदेशमा पनि ब्याज दर क्रमशः घट्दै जाँदा आर्थिक गतिविधिमा पनि सुधार हुने र स्वदेशी तथा विदेशी पर्यटक आगमनमा पनि विस्तार हुने सम्भावना देखिन्छ । यसैगरी डिजिटल प्रविधिको प्रयोग बढ्दै गएको, यातायात तथा भण्डारणमा सुधार आएको, भौतिक रुपमा विद्यालय तथा हस्पिटलहरु सुचारु भएको कारण आगामी आर्थिक वर्षमा सेवा क्षेत्रमा पनि सुधार आउने सम्भावना देखिन्छ ।

## ७.४ पूर्वाधार क्षेत्रको परिदृष्य

नेपाल सरकारको राजस्व र खर्चबीचको फराकिलो अन्तर, राजस्व संकलनमा आएको कमी, विश्वव्यापी अर्थतन्त्रमा देखिएको उच्च मूल्यवृद्धि, समष्टिगत माग विस्तारमा आएको कमी, निर्माणजन्य उत्पादनमा मूल्य वृद्धि लगायतका कारणले यस आर्थिक वर्ष पूर्वाधार क्षेत्रमा अपेक्षाकृत विस्तारको सम्भावना कम देखिन्छ ।

*   *   *